
# लेखापरीक्षण प्रतिवेदन

# पुथा उत्तरगँगा गाउँपालिका

## आर्थिक वर्ष २०८०/८१




## महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

# लेखापरीक्षण प्रतिवेदन

# पुथा उत्तरगँगा गाउँपालिका

आर्थिक वर्ष २०८०/८१

**महालेखापरीक्षकको कार्यालय**

काठमाडौं, नेपाल

## दूरदृष्टि
(VISION)

**जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय सार्वजनिक संस्था**

*(Be A Credible Public Institution in Promoting Accountability, Transparency and Integrity)*

## गन्तव्य
(MISSION)

**राष्ट्रलाई स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने**

*(Provide independent and Quality Audit Service to the Nation)*

## मूल्य मान्यता
(CORE VALUES)

| | |
|---|---|
| ***स्वतन्त्रता*** | *(Independence)* |
| ***निष्ठा*** | *(Integrity)* |
| ***पारदर्शिता*** | *(Transparency)* |
| ***जवाफदेहिता*** | *(Accountability)* |
| ***व्यावसायिकता*** | *(Professionalism)* |

## महालेखापरीक्षकको भनाइ



नेपालको संविधानको धारा २४१ मा सङ्घ, प्रदेश र स्थानीय तहको लेखा कानुन बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यसमेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ। लेखापरीक्षण ऐन, २०७५ को दफा २० को उपदफा २ मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग लेखापरीक्षण प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ। लेखापरीक्षण गर्दा लेखापरीक्षण ऐन, २०७५, नेपाल सरकारी लेखापरीक्षणमान, लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमलाई आधार लिइएको छ। सोहीबमोजिम स्थानीय तहको २०८०।८१ को लेखापरीक्षण सम्पन्न गर्दा देखिएका बेहोरा उल्लेख गरी प्रारम्भिक प्रतिवेदन जारी गरिएकोमा सो उपर प्राप्त प्रतिक्रियासमेत सम्बोधन गरी राय सहितको प्रतिवेदन जारी गरिएको छ।

वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको परिपालना, राजस्व प्रक्षेपण तथा बजेट निर्माण, योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन तथा विकास निर्माण, सार्वजनिक सेवा प्रवाह, आन्तरिक नियन्त्रण प्रणाली, आन्तरिक आय परिचालन, जनशक्ति व्यवस्थापन, जिम्मेवारी एवं जवाफदेहितालगायतका विषयहरूको अध्ययन, विश्लेषण तथा मूल्याङ्कन गर्नुका साथै स्रोत साधनको प्राप्ति, उपयोग एवं परिचालन सन्दर्भमा मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता समेतलाई दृष्टिगत गर्दै कार्यान्वयनयोग्य सुझाव प्रदान गरी सुशासन कायम गर्न सहयोग गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ।

सबै स्थानीय तहको स्थलगतरूपमा लेखापरीक्षण सम्पन्न गरी लेखापरीक्षणको क्रममा देखिएका बेहोरा उपर स्थानीय तहका पदाधिकारी तथा जिम्मेवार कर्मचारीहरूसँग छलफलसमेत गरिएको छ।

यस वर्ष सामान्यतया स्थानीय तहमा कार्यसम्पादनका लागि आवश्यक कानुन निर्माण पूर्ण रूपमा नभएको, विद्यमान कानुनको पूर्ण परिपालना हुन नसकेको, बजेट अनुशासन कमजोर रहेको, आन्तरिक आय न्यून रहेको, करदाताको अभिलेख व्यवस्थित नभएको, आन्तरिक आयलाई व्यवस्थित गर्न नसकिएको, प्रशासनिक खर्चमा वृद्धि हुँदै गएको, योजनालाई खण्डीकृत गरी कार्य गर्ने गरेको, वर्षान्तको खर्च उच्च रहेको, आयोजनाको प्राथमिकीकरण गरेर बजेट विनियोजन नभएको, निर्माणको सुनिश्चितता नभएका आयोजनाहरूको समेत विस्तृत आयोजना प्रतिवेदन तयार गरिएको, जटिल प्रकृतिका कार्यहरूसमेत उपभोक्ता समितिबाट गराएको, जनशक्ति व्यवस्थापन हुन नसक्दा सेवा प्रवाह प्रभावकारी हुन नसकेको, स्वीकृत दरबन्दी बेगरका कर्मचारीसमेत करारमा नियुक्ति गरेको, सार्वजनिक सम्पत्तिको अभिलेख तथा संरक्षण र उपयोग प्रभावकारी रूपमा हुन नसकेकोले आन्तरिक नियन्त्रण र लेखाङ्कन तथा प्रतिवेदन एवं बेरुजु फर्स्यौटमा सुधार गर्नुपर्ने लगायतका बेहोरा देखिएका छन्।

लेखापरीक्षणबाट उल्लेख गरेका बेहोराको समयमा नै फर्स्यौट तथा सुझावहरूको कार्यान्वयनबाट वित्तीय अनुशासनमा अपेक्षित सुधार गरेर स्थानीयतहबाट हुने विकास निर्माण तथा समग्र कार्यसम्पादन र सेवा प्रवाहलाई प्रभावकारी बनाउनुपर्दछ।

अन्तमा, स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने पदाधिकारी तथा कर्मचारी लगायत सबै सरोकारवाला प्रति आभार व्यक्त गर्दछु। साथै लेखापरीक्षण कार्यमा संलग्न कर्मचारीहरूमा समेत विशेष धन्यवाद व्यक्त गर्दछु।

(तोयम राया)

२०८२ वैशाख | महालेखापरीक्षक

प.सं.:2081/82 मिति : २०८२-२-९

च.न.:FAR/2080-81/LOC/639

**विषयः** लेखापरीक्षण प्रतिवेदन।

श्री अध्यक्षज्यू,
पुथा उत्तरगंगा गाँउपालिका, गाउँ कार्यपालिकाको कार्यालय,

रुकुम पुर्व ।

## कैफियतसहितको राय

हामीले पुथा उत्तरगंगा गाँउपालिकाको आर्थिक वर्ष २०८०।८१ को प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन, बजेटको तुलनात्मक विवरण, स्थानीय संचित कोषको वार्षिक आर्थिक विवरण र त्यससँग सम्बन्धित लेखानीति तथा टिप्पणी हरू समावेश भएको एकीकृत वित्तीय विवरणको लेखापरीक्षण गरी रायसहितको प्रतिवेदन पेस गरेका छौं।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले असर पार्ने बाहेक, पेश भएको आर्थिक वर्ष २०८०।८१ को प्राप्ति र भुक्तानीको एकिकृत बार्षिक प्रतिबेदन, बजेट तुलनात्मक विवरण, स्थानीय संचित कोषको बार्षिक आर्थिक विवरण र त्यससँग सम्बन्धित लेखानीति तथा टिप्पणीहरु समाबेश भएको एकिकृत वित्तीय विवरणले नेपाल सार्वजनिक क्षेत्र लेखामान (नगदमा आधारित) आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ लगायत सम्वन्धित प्रचलित कानुनबमोजिम सारभुत रुपमा सही र यथार्थ अवस्था चित्रण गर्दछ ।

## कैफियत सहितको राय व्यक्त गर्ने आधार

१.गाँउपालिकाले आर्थिक कार्यप्रणालीको लेखाङ्कन गर्न स्थानीय संचित कोष व्यवस्थापन प्रणाली (सुत्र) प्रयोगमा रहेको छ । पालिकाले पेश गरेको एकिकृत वित्तीय विवरण (म.ले.प.फा.नं-२७०) मा अन्तरसरकारी वित्तीय हस्तान्तरणबाट प्राप्त भएको सामाजिक सुरक्षा तथा संरक्षणको रू.१० करोड ३७ लाख १० हजार, राष्ट्रपति महिला सशक्तिकरण कार्यक्रमको रु.१० लाख ९० हजार समेत रु.१० करोड ४८ लाख समावेश भएको छैन ।

२. गाँउपालिकाको रु १ अर्व १० करोड ७५ लाख ९१ हजार लेखापरीक्षण गरिएकोमा रू ५ करोड ७२ लाख ६४ हजार बेरुजू देखिएको छ। सो सम्बन्धमा रु ५५ लाख ७५ हजारको प्रतिक्रिया प्राप्त भएकोमा सो उपर कारबाही भई बाँकी

बेरुजु रु. ५ करोड १६ लाख ८९ हजार रहेको छ । सोमध्ये असुल गर्नुपर्ने रू ६२ लाख ८५ हजार, प्रमाण कागजात पेस गर्नुपर्ने रू.१ करोड १० लाख ८७ हजार, नियमित गर्नुपर्ने रु. २ करोड १५ लाख ६२ हजार र पेस्की बाँकी रु. १ करोड २७ लाख ५५ हजार रहेको छ। गत वर्षसम्म रु. ४८ करोड ६८ लाख १२ हजार बेरुजू बाँकी रहेकोमा हालसम्मको अद्यावधिक बेरुजू रु. ५३ करोड ८५ लाख १ हजार रहेको छ। बेरुजु वर्गीकरण, अद्यावधिक बेरुजु स्थिति र बेरुजु सम्परीक्षणको बेहोरा यसैसाथ संलग्न छ।

लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेको नेपाल सरकारी लेखापरीक्षण मान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम गरिएको छ। एकीकृत वित्तीय विवरण तयार गर्ने पुथा उत्तरगंगा गाँउपालिकासँग हामी स्वतन्त्र छौं। त्यसका लागि स्वीकृत आचारसंहिताअनुसार हामीले काम गरेका छौँ। लेखापरीक्षणको क्रममा प्राप्त भएका आधार र प्रमाणहरू राय व्यक्त गर्न पर्याप्त र उपयुक्त छन् भन्नेमा विश्वस्त छौं।

**अन्य व्यहोरा**

यस गाँउपालिकाको लेखापरीक्षणबाट स्रोत र साधनको प्राप्तिको प्रक्षेपण यथार्थपरक नभएको, कर्मचारीको दरबन्दी अनुसार स्थायी पदपूर्ति नभएका कारण विकास निर्माण र सेवा प्रवाहमा असर परेको, अनुदानको पर्याप्त अनुगमन नभएको, वितरणमुखी कार्यक्रम सञ्चालन गरेको, आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको लगायतका बेहोरा यस लेखापरीक्षण प्रतिवेदनमा औल्याइएको छ ।

**वित्तीय विवरण उपर व्यवस्थापन को जिम्मेवारी**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा अन्य प्रचलित कानुन बमोजिम वित्तीय जिम्मेवारी र जवाफदेहिता जिम्मेवार व्यक्तिमा रहेको हुन्छ । त्यसैगरी नेपाल सरकारबाट स्वीकृत भई महालेखा नियन्त्रक कार्यालयबाट लागु भएको नेपाल सार्वजनिक क्षेत्र लेखामान (नगदमा आधारित) बमोजिम आर्थिक कारोवारको सही र यथार्थ अवस्था चित्रण हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा त्रुटीका कारण वित्तीय विवरण सारभूतरूपमा गलत आँकडा रहित बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागू गर्ने जिम्मेवारी पुथा उत्तरगंगा गाँउपालिका व्यवस्थापनमा रहेको छ। पुथा उत्तरगंगा गाँउ कार्यपालिका, गाँउपालिका अध्यक्ष र प्रमुख प्रशासकीय अधिकृत वित्तीय प्रतिवेदन प्रक्रियाको अनुगमनका लागि जिम्मेवार रहेका छन्।

**वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी**

वित्तीय विवरण समग्रमा जालसाजी वा त्रुटिका कारण सारभूत रूपमा गलत आँकडारहित रहेको छ भनी यथोचित आश्वस्तता प्राप्त गरी रायसहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो। लेखापरीक्षणमा यथोचित आश्वस्तताले उच्च स्तरको आश्वस्तता प्रदान गरेको हुन्छ। लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेको नेपाल सरकारी लेखापरीक्षण मान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम लेखापरीक्षण कार्यसम्पादन गरिएको छ। यसरी लेखापरीक्षण गरिएको अवस्थामा समेत आन्तरिक नियन्त्रण र वित्तीय प्रतिवेदनको प्रकृति, लेखापरीक्षणका विधि तथा लेखापरीक्षण सम्पन्न गर्न लागेको समय जस्ता लेखापरीक्षणका अन्तर्निहित सीमाहरूका कारण वित्तीय विवरण वा आर्थिक कारोबारमा भएका सबै प्रकारका जालसाजी वा त्रुटि पत्ता लाग्न सक्ने निश्चितता हुँदैन। वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक

निर्णयमा फरक पार्ने अवस्था देखिएका जालसाजी वा त्रुटिका एक वा समग्र सूचनालाई सारभूतरूपमा गलत आँकडा मानिएको छ।

( नारायण एम.सी. )

नायब महालेखापरीक्षक

चालु वर्षको बेरुजु

बेरुजु वर्गीकरण

| प्रारम्भिक बेरुजु | | | प्रतिक्रियाबाट फछ्र्यौट | | | प्रतिक्रियाबाट थप बेरुजु रकम | बाँकी बेरुजु | | | बेरुजु | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | | असुल गर्नु पर्ने | नियमित गर्नुपर्ने | | | | | पेस्की |
| दफा संख्या | | रकम | दफा संख्या | | रकम | | दफा संख्या | | रकम | असुल गर्नु पर्ने | अनियमित भएको | प्रमाण कागजात पेश नभएको | जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा | पेस्की |
| सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | | सैद्धान्तिक | लगती | | | | | | | | |
| ६४ | ४४ | ५,७२,६४,४२४ | १ | १ | ५५,७५,३३७ | ० | ६३ | ४३ | ५,१६,८९,०८८ | ६२,८५,४५९ | २,१५,६१,७९१ | १,१०,८६,६०२ | ० | ० | ३,८९,३३,८५३ | १,२७,५५,२३६ |

अद्यावधिक बेरुजू स्थिति

| जिल्ला | गत वर्ष सम्मको बाँकी | समायोजन | यो वर्ष फस्यौंट | बाँकी बेरुजु | यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु | यो वर्षको बेरुजु | कुल बेरुजु बाँकी |
|---|---|---|---|---|---|---|---|
| रुकुम पूर्व | ४८,६८,१२,००० | ० | ० | ४८,६८,१२,००० | ० | ५,१६,८९,०८८ | ५३,८५,०१,०८८ |

बेरुजु सम्परीक्षणको विवरण

| क्र.सं | आर्थिक वर्ष | बेरुजुको दफा | बेरुजुको छोटकरी व्यहोरा | सम्परीक्षण भएको रकम |
|---|---|---|---|---|
| १ | २०८०/८१ | ५४.२ | पन्ध्र शैयाको अस्पताल | ५५,७५,३३७ |
| २ | २०८०/८१ | १७ | क्षेत्रगत बजेट र खर्चको स्थिति | ० |
| जम्मा | | | | ५५,७५,३३७ |

# (८०५५३५०१३०० - पुथा उत्तरगँगा गाउँपालिका )

# पुथा उत्तरगंगा गाउँपालिका , रुकुम पूर्वि भाग

# परिचय

१ **परिचय**

**(क) कार्यालय परिचय :-**स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारीणी र न्यायिक अभ्यासलाई संस्थागत गर्न स्थानीय सरकारको सञ्चालन गर्ने उद्धेश्यले यस पुथा उत्तरगङ्गा गाँउपालिकाको स्थापना भएको हो। स्थानीय सरकारले सञ्चालन गर्ने कार्यमा सहकारिता, सह-अस्तित्व र समन्वयलाई प्रवर्द्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरीकलाई गुणस्तरीय सेवा प्रदान गर्नु पुथा उत्तरगंङ्गा गाँउपालिकाको उद्देश्य रहेको छ। यस पालिका अन्तर्गत १४ वडा, ७५ नगर सभा सदस्य, ५६० वर्ग किलोमिटर क्षेत्रफल तथा १८,९५४ जनसंख्या रहेको छ।

**(ख) लेखापरीक्षणको उद्धेश्य :-** लेखापरीक्षण गरिने निकायको वित्तीय विवरण तथा कारोबारको परीक्षण गरी उचित आश्वस्तता (Reasonable Assurance) प्रदान गर्नु वित्तीय लेखापरीक्षणको उद्वेश्य हो । यस कार्यालयको आर्थिक वर्ष २०८०/८१ को सबै प्रकारका आर्थिक कारोबारको परीक्षण एवं प्रचलित कानुनको परिपालनाको मूल्याङ्कन गरी प्रतिवेदन गर्नु लेखापरीक्षणको उद्वेश्य रहेको छ ।

**(ग) लेखापरीक्षणको क्षेत्र र अवधि :-** यस कार्यालयको विनियोजन, राजस्व, धरौटी, कोष तथा अन्य आय-व्यय, मौज्दात हिसाब, आर्थिक व्यवस्थापन, कार्यक्रम सञ्चालन, जिन्सी व्यवस्थापन, जनशक्ति व्यवस्थापन तथा सेवा प्रवाह लगायत आर्थिक वर्ष २०८०/८१ मा सञ्चालित क्रियाकलापलाई लेखापरीक्षण क्षेत्रमा समावेश गरिएको छ । स्थलगत लेखापरीक्षणको अवधि २०८१ ।०५।११ देखि २०८१ ।०५।१३ सम्म रहेको छ ।

**(घ) लेखापरीक्षण विधि :-** लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड तथा मार्गदर्शनमा नमुना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा कार्यालयले स्वीकृत गरेको जोखिममा आधारित लेखापरीक्षण योजनाका आधारमा निकायको आन्तरिक नियन्त्रणको परीक्षण तथा विश्लेषणात्मक र विस्तृत परीक्षण विधि अवलम्वनबाट लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । लेखापरीक्षण गर्दा देखिएका व्यहोरा सम्बन्धमा कार्यालय प्रमुख तथा लेखा प्रमुख लगायतका पदाधिकारीहरूसँग छलफल सम्पन्न गरी कायम भएका व्यहोराहरू यस प्रतिवेदनमा समावेश गरिएको छ ।

**(ङ) लेखापरीक्षणको सीमा :-** लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, २०७७ तथा मार्गदर्शनमा नमुना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा महालेखापरीक्षकको कार्यालयले नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणाली (NAMS) अवलम्बन गरी स्वीकृत भएको जोखिममा आधारित लेखापरीक्षण योजना, लेखापरीक्षण गरिएको निकायबाट पेश भएका लेखा एवं सोसँग सम्बन्धित कागजात, विवरण, लिखित प्रतिनिधित्व पत्र, लेखापरीक्षण अनुबन्ध पत्र समेतको आधारमा लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । आम्दानी तथा खर्चलाई नतिजासँग तुलना गरी विश्लेषण गर्नका लागि पर्याप्त भौतिक एवं स्थलगत अवलोकन गर्न भौगोलिक कठिनाइ, समय सीमा, स्रोतको उपलब्धता, प्रमाणको प्रकृति तथा पहुँच जस्ता अन्तर्निहित जोखिमहरु सीमाको रुपमा रहेका छन् । सारभूत रूपमा उल्लेखनीय नदेखिएका व्यहोरालाई प्रतिवेदनमा समावेश गरिएको छैन ।

**(च) आर्थिक कारोबारको स्थिति :-** यस गाँउपालिकाको स्थानिय संचित कोष व्यवस्थापन प्रणालीबाट सिर्जित वित्तिय प्रतिवेदनको स्थिति निम्न वमोजिम रहेको छ ।

| क सङ्केत | विवरण | चालु आ.ब.को कारोबार | | | गत आ.ब. को कारोबार | | |
|---|---|---|---|---|---|---|---|
| | | नगद | तेस्रो पक्ष भुक्तानी (सोझै भुक्तानी) | जम्मा | नगद | तेस्रो पक्ष भुक्तानी (सोझै भुक्तानी) | जम्मा |
| | राजस्व, अनुदान र अन्य प्राप्ति | | | | | | |
| ११००० | कर | ८,७२,८६,७७८.८६ | ०.०० | ८,७२,८६,७७८.८६ | ४,६५,८०,२२३.२२ | ०.०० | ४,६५,८०,२२३.२२ |
| १३००० | अनुदान | ३४,०२,४१,७२८.१८ | ०.०० | ३४,०२,४१,७२८.१८ | ४०,२४,००,३५०.३२ | ०.०० | ४०,२४,००,३५०.३२ |
| १४००० | अन्य राजस्व | ५१,५६,०४४.९० | ०.०० | ५१,५६,०४४.९० | ०.०० | ०.०० | ०.०० |
| १५००० | विविध प्राप्ति | ७४,८५५.०० | ०.०० | ७४,८५५.०० | ०.०० | ०.०० | ०.०० |
| क | **कुल जम्मा प्राप्ति** | ४३,२७,५९,४०६.९४ | | ४३,२७,५९,४०६.९४ | ४४,८९,८०,५७३.५४ | | ४४,८९,८०,५७३.५४ |
| ३ | चालु | ३२,११,९६,७५६.६४ | ०.०० | ३२,११,९६,७५६.६४ | ३३,७०,१९,२६६.१२ | ०.०० | ३३,७०,१९,२६६.१२ |
| २१००० | पारिश्रमिक / सुविधा | १२,५८,३६,७४१.१७ | ०.०० | १२,५८,३६,७४१.१७ | २१,३७,१३,३७०.२० | ०.०० | २१,३७,१३,३७०.२० |
| २२००० | मालसामान तथा सेवाको उपयोग | १२,४७,३१,८९८.४२ | ०.०० | १२,४७,३१,८९८.४२ | ८,१४,५६,७६६.०० | ०.०० | ८,१४,५६,७६६.०० |
| २५००० | सहायता (Subsidy) | १,१५,१६,०४८.०० | ०.०० | १,१५,१६,०४८.०० | १,४४,१२,२४४.०० | ०.०० | १,४४,१२,२४४.०० |
| २६००० | अनुदान | ४,६७,४८,२६५.०५ | ०.०० | ४,६७,४८,२६५.०५ | २९,२६,०००.०० | ०.०० | २९,२६,०००.०० |
| २७००० | सामाजिक सुरक्षा | १,०९,८७,०४४.०० | ०.०० | १,०९,८७,०४४.०० | २,२९,११,७१८.९२ | ०.०० | २,२९,११,७१८.९२ |
| २८००० | अन्य खर्च | १३,७६,७६०.०० | ०.०० | १३,७६,७६०.०० | १५,९९,१६७.०० | ०.०० | १५,९९,१६७.०० |
| ४ | पूंजीगत | ११,१४,९६,८७५.०० | ०.०० | ११,१४,९६,८७५.०० | १५,७४,०३,४०४.९५ | ०.०० | १५,७४,०३,४०४.९५ |
| ३१११० | भवन तथा संरचना | १,५०,७२,२३६.०० | ०.०० | १,५०,७२,२३६.०० | २,४७,४५,४३६.०० | ०.०० | २,४७,४५,४३६.०० |
| ३११२० | सवारी साधन, मेशिनरी औजार, फर्निचर्स तथा फिक्चर्स | ७५,७६,५२३.०० | ०.०० | ७५,७६,५२३.०० | ८१,६९,२२४.०० | ०.०० | ८१,६९,२२४.०० |
| ३११३० | अन्य पूँजीगत खर्च | २७,९१,४३३.०० | ०.०० | २७,९१,४३३.०० | ६२,७९,९३२.५० | ०.०० | ६२,७९,९३२.५० |
| ३११५० | सार्वजनिक निर्माण | ८,४३,६६,६८३.०० | ०.०० | ८,४३,६६,६८३.०० | ११,२८,६४,३४०.४५ | ०.०० | ११,२८,६४,३४०.४५ |
| ३११६० | निर्मितसरचनाको सुधार खर्च | १,९०,०००.०० | ०.०० | १,९०,०००.०० | ५२,४४,४७२.०० | ०.०० | ५२,४४,४७२.०० |
| ३११७० | पूँजीगत सुधार खर्च | १५,००,०००.०० | ०.०० | १५,००,०००.०० | १,००,०००.०० | ०.०० | १,००,०००.०० |
| ख) | **कुल जम्मा भुक्तानी** | ४३,२६,९३,६३१.६४ | | ४३,२६,९३,६३१.६४ | ४९,४४,२२,६७१.०७ | | ४९,४४,२२,६७१.०७ |
| ग) | **बचत /कमी (ग = क-ख )** | ६५,७७५.३० | | ६५,७७५.३० | (४,५४,४२,०९७.५३) | | (४,५४,४२,०९७.५३) |
| घ) | **धरौटी, आकस्मिक कोष लगायतका अन्य कोषको मौज्दातको थप/घट (+/-)** | १७,५७,९७७.०० | | १७,५७,९७७.०० | ६१,४०,१५४.७० | | ६१,४०,१५४.७० |
| घ.१) | **कट्टी रकम भुक्तानी/ दाखिला गर्न बाकी** | | | | | | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ङ) | **यस आ.ब.को नगद तथा बैंक मौज्दात (बचत /(कमी)) ( ङ = ग+घ)** | १८,२३,७५२.३० | | १८,२३,७५२.३० | (३,९३,०१,९४२.८३) | | (३,९३,०१,९४२.८३) |
| च) | **गत आ.व.को नगद तथा बैंक मौज्दात** | २,१४,९७,८१०.५७ | | २,१४,९७,८१०.५७ | ६,०७,९९,७५३.४० | | ६,०७,९९,७५३.४० |
| छ) | **विनिमय नाफा/घाटा तथा अन्य समायोजन** | | | | | | |
| ज) | **आ.व. अन्तको बाँकी नगद तथा बैंक मौज्दात ( ज= ङ+च+छ)** | २,३३,२१,५६२.८७ | | २,३३,२१,५६२.८७ | २,१४,९७,८१०.५७ | | २,१४,९७,८१०.५७ |
| | | | | | | | |

# लेखापरीक्षणबाट देखिएका व्यहोराहरु

२ **वित्तीय विवरणको परीक्षण**

२.१ वित्तीय प्रतिवेदन: स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को नियम ७२मा नेपाल सरकारले निर्धारण गरे बमोजिमको आय र व्ययको वर्गीकरण तथा खर्च शीर्षक सम्बन्धी व्यवस्था अवलम्बन गर्नुपर्ने तथा नियम ७६(२) मा महालेखा परीक्षकबाट स्वीकृत भए बमोजिमको ढाँचामा लेखा राख्नुपर्ने व्यवस्था गरेको छ। पालिकाले २०७६।२।१९ मा महालेखापरीक्षकबाट स्वीकृत भएको सार्वजनिक क्षेत्र लेखामान (NPSAS) अनुसार लेखाङ्कन तथा प्रतिवेदन गर्नुपर्दछ। पालिकाले उपलब्ध गराएको स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत बार्षिक प्रतिवेदन (म.ले.प.फा.नं. २७०) सम्बन्धमा निम्नअनुसार देखिएको छ:

२.२ वित्तीय विवरणको यथार्थता: पालिकाको आर्थिक कार्यप्रणालीको लेखाङ्कनको गर्न स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली(सुत्र) प्रयोगमा रहेको छ। आर्थिक कारोबार गर्दा सुत्रको प्रयोग गरी सम्पूर्ण आर्थिक कारोवारको लेखाङ्कन तथा प्रतिवदेन गर्नुपर्दछ भने सोही प्रणालीबाट स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत बार्षिक प्रतिवेदन(म.ले.प.फा.नं. २७०) तयार गर्नुपर्छ। पालिकाले सामाजिक सुरक्षा तथा संरक्षणको रु.१०,३७,१०,५६० र राष्ट्रपति महिला सशक्तिकरण परियोजनाको रु.१०,९०,००० सुत्रमा लेखाङ्कन गरेको छैन। जसले गर्दा सुत्रबाट तयार भएको वित्तीय विवरण समेत पूर्ण नहुँदा पालिकाको यथार्थ आर्थिक अवस्थाको चित्रण गरेको छैन। तसर्थ सबै आर्थिक कारोबार सुत्रमा हुने र कारोबार वित्तीय विवरणमा समावेश गर्ने व्यवस्था गर्नुपर्दछ।

२.३ श्रोतगत खर्च : पालिकाको यो वर्षको स्रोतगत बजेट तथा खर्चको विवरण स्थीति देहाय बमोजिम देखिन्छ ।

**रु. हजारमा**

| **विवरण** | **बजेट** | **निकासा** | **खर्च** | **बजेट** |
|---|---|---|---|---|
| आय अनुमान | ४९४२७३ | ४५९५१६ | - | ३४७५७ |
| बजेट चालु | ३६४९२० | ३२३१९६ | ३२११९६ | ४३७२४ |
| बजेट पूजी | १२९३५३ | १११४९६ | १११४९६ | १६८५७ |
| **जम्मा** | **४९,४२,७३** | **४३,२६,९३** | **४३,२६,९३** | **६,१५,८०** |

माथिको तालिका बमोजिम बजेट मध्ये रु.६ करोड १५ लाख ८० हजार आम्दानीमा रु. ३ करोड ४७ लाख ५७ हजार न्यून भएको देखिन्छ ।रु. २ करोड ६८ लाख २३ हजार खर्च क्षमता न्यून भएको कारण खर्च भएको देखिएन। बजेटलाई वास्तविकतामा आधारित बनाउनुपर्ने देखिन्छ।

२.४ मौज्दात : वित्तीय प्रतिवेदन टिप्पणी ६.२ नगद र वैक मौज्दात विवरणमा गत वर्षको रु. २,१४,९७,८१०।५७ उल्लेख गरेकोमा यो वर्ष रु. १,३३,८२,२७५।३९ मौज्दात समायोजन गरी कायम गरेको छ । गत वर्ष भन्दा यो वर्ष कम मौज्दात उल्लेख गरेको रकम रु.८०,७५,५३८ समायोजन गरेको विवरण पेश गरी यो वर्षको मौज्दात रु. ४,१३,८५,५३०।५५ कायम गर्नुपर्दछ। यो वित्तीय प्रतिवेदनमा बैंक मौज्दात रु. १,२१,९५,४६९ र नगद रु.५८,१७,५००।६१ समेत रु.१,८०,१२,९६९ मौज्दात रहेकोले नगद मौज्दात रु. ५८,१७,५००।६१ बैकं दाखिला गरी हिसाव मिलान गर्नुपर्ने रु.

| क्रम | कर्मचारीको नाम | असुली रकम |
|---|---|---|
| २.४.१ | पुथा गापा | ५,८१७,५०० |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ५८,१७,५०० |

२.५ मौज्दात स्थिति : वित्तीय प्रतिवेदन(२७०-१) मा गत वर्षको मौज्दात रु.२ करोड १४ लाख ९७ हजार ८१० रहेकोमा यो वर्ष २ करोड ८० लाख ३ हजार २५५ रूपैया १६ पैसा मौज्दात सारेकोले रु.६५,०५,४४५ बढी मौज्दात सारेकोमा मौज्दात बढीको विवरण र विश्लेषण बैकं समायोजन पेश भएन।

## ३ सेवाप्रवाहको स्थिति

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन बनाउन तथा सोको अधिनमा रही आवश्यकता अनुसार नियम, निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वियनमा ल्याउन सक्ने ब्यवस्था रहेको छ। यस गाउँपालिकाले सेवा प्रवाह सम्बन्धी ४२ कानून वनाई सेवा प्रवाह गरेको छ। पालिकाबाट वितरण भएका सेवा निम्न बमोजिम रहेका छन्।

| विवरण | जम्मा |
|---|---|
| पञ्जिकरणतर्फ | |
| जन्मदर्ता | ९८४ |
| मृत्युदर्ता | १६५ |
| बसाईसराई दर्ता | १२२ |
| विवाह दर्ता | २२० |
| सम्बन्धविच्छेद दर्ता | १६ |

## ४ आन्तरिक नियन्त्रण प्रणाली

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ बमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागू गर्नुपर्ने व्यवस्था छ। आन्तरिक नियन्त्रणको विषयमा जिन्सीमालको स्पेशिफिकेसन खुलाई मूल्य अभिवृद्धि करसमेत मूल्य, जिन्सी दाखिला र बर्गीकरण, भ्रमण प्रतिवेदन, नागरीक सुनुवाई, बार्षिक कार्यक्रमको कार्यायोजना र ठेक्का अभिलेख खाता, ठेक्काको गोश्वारा खाता, जनसहभागीतामा आधारित कामको खरिद योजना र गुरुयोजना, आन्तरिक नियन्त्रण प्रणालीको ढाँचा र कार्यविधी सहित आन्तरिक

नियन्त्रण समिति तयार बारेमा स्पष्ट खुलासा गरी प्रतिवेदन गरेको पाईएन्। प्रतिवेदन प्रणालीलाई पारदर्शी र विश्वसनिय बनाउन आन्तरिक नियन्त्रण प्रणाली मजबुद बनाएर र सशक्त आन्तरिक लेखापरीक्षण समेतबाट कार्यालयको कामलाई प्रभावकारी बनाउनुपर्दछ।

### ५ बजेट पेश, पारित र अख्तियारी

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ मा स्थानीय तहले आगामी आर्थिक वर्षको राजस्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ। सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ। यस पालिकाको उपप्रमुखले मिति २०८०।३।९ मा रु.४९ करोड ४२ लाख ७३ हजार बजेट सभा समक्ष पेश गरेकोमा सभाबाट मिति २०८०।३।२३ मा पारित भएको छ। यसैगरी स्थानीय तहका प्रमुखले मिति २०८०।४।१० मा प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखिन्छ। आर्थिक वर्ष भित्र सम्पन्न गर्न सक्ने गरी बजेट, कार्यक्रम र योजना व्यवस्थापन गर्नु पर्दछ।

### ६ प्रशासकीय संगठन र जनशक्ति व्यवस्थापन

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ बमोजिम स्थानीय तहको कार्यबोझ, राजस्व क्षमता, खर्चको आकार र स्थानीय आवश्यकता समेतलाई ध्यानमा राखी कर्मचारी समायोजन भएपछि मात्र सँगठन तथा व्यवस्थापन सर्वेक्षणका आधारमा स्थानीय तहमा सँगठन संरचना कायम हुने व्यवस्था छ। पालिकामा प्रमुख प्रशासकीय अधिकृत सहित १४४ दरबन्दी स्वीकृत रहेकोमा लेखापरीक्षण अवधि सम्म ७१ जना पदपूर्ती भएको देखिन्छ। लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार कार्य व्यवस्थापनका दृष्टिकोणले महत्वपूर्ण मानिएका प्रशासकीय अधिकृत, इन्जीनियर, जनस्वास्थ्य अधिकृत सहित ७३ पदहरु रिक्त रहेका छन्। दरबन्दी बमोजिम जनशक्तिको पूर्णता नहुँदा विषयगत कार्यक्रम सञ्चालन, सेवा प्रवाह तथा पालिकाको समग्र कार्य सम्पादनमा असर परेको स्थिति छ। तसर्थ रिक्त पदहरु यथाशक्य छिटो पूर्ति गरी सेवा प्रवाह प्रभावकारी बनाउनुपर्दछ।

### ७ आम्दानी

वित्तीय प्रतिवेदन २७० अनूसुची ४ बमोजिम पालिका र वडाबाट संकलन भएको राजश्व देहाय बमोजिम छ:

| राजश्व केन्द्र | शीर्षक | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | भुमीकर | वहाल कर | अन्य कर | परीक्षा | यातायात | सिफारिस | पंजिकरण | व्यवसाय |
| पालिका तर्फ | १५ | १०५ | ५८१७ | ३१ | ६२ | ३ | ११ | २४१ |
| वडा नं.. १ | २३ | - | - | - | - | - | ६ | ७४ |
| २ | २१ | - | - | - | - | १७ | ३ | १७ |
| ३ | १५ | - | - | - | - | १०५ | ९ | १२ |
| ४ | १३ | - | - | - | - | १४ | ३ | ३२ |
| ५ | ३ | ४४ | ५ | - | - | २३ | ८ | ५१ |
| ६ | ७ | - | - | - | - | ७६ | १६ | - |
| ७ | ११ | - | १२ | - | - | १२ | १ | १८ |
| ८ | १० | - | - | - | - | ५४ | ३ | ९ |
| ९ | ६ | - | - | - | - | १० | १० | ४९ |
| १० | ५४ | - | १०७ | - | - | १६० | १३ | १९० |
| ११ | ३८ | - | ७ | - | - | ८९ | ६६ | - |
| १२ | २२ | १२ | १५ | - | - | ११२ | १५ | ३० |
| १३ | १४ | ८ | १८ | - | - | - | ६ | ८ |
| १४ | - | - | - | - | - | - | - | - |

## ८ बजेट तथा कार्यक्रम तर्जुमा

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६७(१) मा ४ सदस्यीय बजेट तथा कार्यक्रम तर्जुमा समिति गठन गरी आगामी वर्षको नीति तथा कार्यक्रम, बजेट, कार्यक्रमको प्राथमिकीकरण, विषय क्षेत्रगत कार्यक्रम, योजना तथा कार्यक्रममा दोहोरोपना हुन नदिई आपसी तादाम्यता तथा परिपूरकता कायम गर्नुपर्ने व्यवस्था अनुसार समिति गठन गरेको भएता पनि आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, कार्यक्रमबीच परिपूरकता कायम गरेको समेत नदेखिएकाले बजेट तर्जुमा गर्दा ऐनमा भएको व्यवस्थाको परिपालनामा ध्यान दिनुपर्दछ।

## ९ कानून र सञ्चालन स्थिति

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरुले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधिनमा रही नियम निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने व्यवस्था छ। जसअनुसार स्थानीय तह सञ्चालनको लागि सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट नमूना कानूनहरु बनाई उपलब्ध गराएकोमा यस पालिकाले हालसम्म १२ वटा ऐन, ५ वटा नियमावली, ३१ कार्यविधि लगायत ४८ वटा कानुन निर्माण गरी कार्यान्यिनमा ल्याएको छ। साथै पालिकाले ५ वटा कानूनहरु निर्माण गरी सभा/कार्यपालिकाबाट स्वीकृत गरेतापनि उक्त कानूनहरु राजपत्रमा प्रकाशन गरेको छैन। तसर्थ उक्त कानूनहरु राजपत्रमा प्रकाशन गरी कार्यान्वयनमा ल्याउनु पर्दछ।

## १० बार्षिक खरिद योजना/गुरुयोजना

सार्वजनिक खरिद ऐन, २०६३ ले सार्वजनिक निकायले तोकेको सीमाभन्दा बढी रकमको खरिद गर्दा तोकिए बमोजिमको खरिद गुरुयोजना र बार्षिक खरिद योजना तयार गर्नुपर्ने व्यवस्था छ। यस्तै सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७ ले बार्षिक १० करोडभन्दा बढीको खरिद गर्दा गुरुयोजना तयार गर्नुपर्ने नियम ८ ले बार्षिक १० लाखभन्दा बढीको खरिद गर्दा बार्षिक खारिद योजना

बनाउनुपर्ने व्यवस्था छ। यस पालिकाले विभिन्न शीर्षक अन्तर्गत बार्षिक रु.११,१४,९६,८७५ पुँजीगत खर्च/खरिद निर्माण कार्य गरेको छ। तर पालिकाले आफ्नो खरिद नियमावली नबनाएको अवस्थामा उक्त ऐन, नियम बमोजिम बार्षिक खरिद योजना र गुरुयोजना नबनाई खरिद कार्य गरेको देखियो। अतः पालिकाले उक्त नियमावली बमोजिम खरिद योजना/गुरुयोजना बनाई व्यवस्थित र प्रभावकारी हुने गरी खरिद कार्य गर्नुपर्दछ।

## ११ आय अनुमान

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आयसमेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ। पालिकाले पेश गरेको आय-व्ययको अनुमानमा आन्तरिक आयतर्फ मालपोत, कर, सेवा शुल्क, दस्तुर वापत अनुमानित रु.५२,५५,००० प्राप्त हुने प्रक्षेपण गरेकोमा आर्थिक वर्ष २०८०।८१ मा रु.५८,१७,००० अर्थात अनुमान भन्दा १०.७ प्रतिशत बढी आय प्राप्त गरेको छ। आम्दानीका अन्य स्रोतको पहिचान गरी आयको अनुमान यर्थाथपरक बनाई आय आर्जन बृद्धि गर्नेतर्फ विशेष ध्यान दिन आवश्यक देखिएको छ।

| आय शीर्षक | आ.व २०८०।८१ को अनुमानीत आय | आ.व २०८०।८१ मा संकलन भएको आय | अनुमानको तुलनामा संकलन भएको प्रतिशत |
|---|---|---|---|
| विभिन्न | ५२,५५,००० | ५८,१७,००० | ११०.७ |

## १२ आवधिक योजना

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम पालिकाले आफ्नो अधिकार क्षेत्रभित्रको विकासका लागि आवधिक योजना बनाई लागु गर्नु पर्नेमा यस पालिकाले आवधिक योजना तयार गरेको छैन। आवधिक योजना नहुँदा पालिकाले बार्षिक बजेट तथा कार्यक्रम तयार गर्दा आवधिक योजनाका दीर्घकालीन विषयलाई भन्दा सालवसाली विषयहरुलाई समावेश गरेको देखिन्छ। स्थानीय तहको समग्र विकासका लागि आवधिक योजना तर्जुमा गरी कार्यान्वियन गर्नुपर्दछ।

## १३ अनुदान फिर्ता

सङ्घीय एवं प्रदेश सरकारको कानून एवं कार्यविधि बमोजिम ती निकायबाट स्थानीय तहमा प्राप्त हुने समपुरक बाहेकका अनुदान खर्च नभई बाँकी रहेको अवस्थामा सम्बन्धित निकायमा फिर्ता गर्नुपर्ने व्यवस्था रहेको छ। प्राप्त विवरण (सुत्रको अनुसूची १२ र २१) अनुसार २०८१ असार मसान्त सम्म पालिकामा प्राप्त भएको अनुदान र खर्चको स्थिती देहायबमोजिम रहेको छ ।

| अनुदान प्रदान गर्ने निकाय | अनुदानको प्रकार | प्राप्त रकम | खर्च रकम | बाँकी रकम । फिर्ता रकम |
|---|---|---|---|---|
| सङ्घीय सरकार | सशर्त | २२,२९,३१,००० | २०,२८,१७,०५३।१८ | २,०१,१३,९४६।८२ |
| | विषेश | ५५,००,००० | ५५,००,००० | ० |
| | समपुरक | ८०,००,००० | ८०,००,००० | ० |
| प्रदेश सरकार | सशर्त | १,१४,५०,००० | १,१३,८१,५१६ | ६८,४८४ |
| | विषेश | ३५,००,००० | ३५,००,००० | ० |
| | समपुरक | १,००,००,००० | १,००,००,००० | ० |

## १४ स्थानीय तथ्याङ्क, अभिलेख तथा स्रोत नक्साङ्कन

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ बमोजिम स्थानीयतहले आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्याङ्क सङ्कलन, अभिलेख र सोको व्यवस्थापन गर्नुपर्ने तथा आफ्नो क्षेत्रभित्रको शैक्षिक, भौगोलिक अवस्था, प्राकृतिक स्रोत अन्तर्गत खानी, जंगल तथा अन्य स्रोत, पूर्वाधार अन्तर्गत सडक, पुल, खानेपानी लगायतको अभिलेख तथा श्रोत नक्साङ्कनसहितको पालिकाको प्रोफाइल तयार गर्नुपर्ने व्यवस्था छ। पालिकाले स्थानीय तथ्याङ्क सम्बन्धी नीति, कानून र सोको मापदण्ड बनाएको तथा स्रोत नक्साङ्कन गरेको देखिएन। स्थानीय तहका प्राथमिकीकरणका क्रियाकलाप सञ्चालनमा तथ्याङ्कले महत्वपूर्ण भुमिका खेल्ने हुँदा सोको सङ्कलन र अभिलेख राख्ने कार्य गर्नु पर्दछ।

## १५ योजना प्राथमिकीकरण

१५.१ स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा २४ मा स्थानीय तहले आवधिक योजना बनाई लागू गर्नुपर्ने उल्लेख गरेको छ। स्थानीय तहले योजना तथा बजेट तर्जुमा दिग्दर्शन, २०७४ को दफा ५.२.४ सँग सम्बन्धित अनुसूची ३ मा आयोजना प्राथमिकीकरणका आधारहरू गरिबी निवारण, उत्पादनमूलक, रोजगारी, लागत सहभागिता, स्थानीय स्रोत र साधन, समावेशी विकास, दिगो र वातावरण संरक्षण र भाषिक र सांस्कृतिक विकास उल्लेख गरेको छ र सोही अनुसार गणना गरी प्राथमिकता आधारमा योजना छनौट गर्नु पर्ने व्यवस्था छ। तर पालिकाले आर्थिक वर्ष २०८०।८१ मा निम्नअनुसार १४ वडाको लागि वडागत र पालिकास्तरका कुल ६२ योजनामा बजेट विनियोजन गरेको छ ।

| क्र.सं | कार्यक्रमको नाम | योजना संख्या | रू २० लाख माथिका योजना संख्या | रू ५ लाख देखि २० लाख माथिका योजना संख्या | रू ५ लाख भन्दा कमका योजना संख्या |
|---|---|---|---|---|---|
| १ | पालिकास्तरीय | १६ | २ | ९ | ५ |
| २ | वडास्तरीय | ४६ | ० | १० | ३६ |

१५.२ उपर्युक्त विवरणअनुसार पालिकाले साना र वितरणमुखी योजनाहरु. सञ्चालन गरेको देखिन्छ। जसले गर्दा सञ्चालित योजनाबाट दीर्घकालिन प्रतिफल प्राप्त नहुनुका साथै चालु प्रकृतिका खर्चमा बृद्धि भै लागत प्रभावी नहुने तथा निर्माण कार्यको गुणस्तरमा समेत प्रश्न उठ्ने गरेको छ। तसर्थ पालिकाले योजना वस्तुनिष्ठ तवरले प्राथमिकीकरण र छनौट गरी प्रभावकारी कार्यान्वियन गर्नुपर्दछ।

## १६ त्रैमासिक पुँजीगत खर्च

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३५ बमोजिम बजेट तथा कार्यक्रम कार्यान्वियन गर्ने कार्यालयले त्रैमासिक प्रगति विवरण वनाई कार्यसम्पादन गर्नुपर्ने व्यवस्था छ। पालिकाले उपलव्ध गराएको विवरण अनुसार त्रैमासिक पुँजीगत खर्चको स्थिति देहाय बमोजिम छ ।

रु. हजारमा

| **त्रैमासिक** | **बजेट** | **खर्च** | **खर्च प्रतिशत** | **महिना** |
|---|---|---|---|---|
| प्रथम | १९४८३ | ९७४७ | ५० | श्रावण- अशोज |
| दोस्रो | ६५४५० | ९५९६ | १५ | कार्तिक- पुष |
| तेस्रो | २४२८० | ३३४ | १.४ | माघ-चैत्र |
| चौथो | २०१४० | ९१८५८ | ९८.६० | वैशाख- असार |
| **जम्मा** | **१,२९,३५३** | **१११४९६** | **८७** | |

माथिको तालिका अनुसार चौथो त्रैमासिकमा त्रैमासिक लक्ष्यको ९८.६० प्रतिशत र कुल खर्चको ८२.३८ प्रतिशत भन्दा बढी खर्च भएको र कुल खर्चको करिव ८२.३८ प्रतिशत चौथो चौमासिकमा खर्च गर्नु उचित देखिएन। बजेट निर्माणमा विनियोजन दक्षता एवं विनियोजित बजेट अनुसार खर्चको व्यवस्थापन गरी खर्च दक्षता वढाउनु पर्दछ।

## १७ क्षेत्रगत बजेट र खर्चको स्थिति

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-८-६** को निर्णयले रू **०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

## १८ खर्च विश्लेषण

पालिकाले यसवर्ष कुल आन्तिरक आयबाट रु. ५८,१७,००० राजस्व बाँडफाँड र अनुदानबाट रु. ४२,६८,७६,६३१ समेत रु. ४३,२६,९३,६३१ आम्दानी भएकोमा चालु तर्फ रु. ३२,११,९६,७५६ र पूँजिगत तर्फ रु. ११,१४,९६,८७५. र समेत रु. ४३,२६,९३,६३१ खर्च भएको छ। खर्च मध्ये आन्तरिक आयको हिस्सा १.३४ प्रतिशत रहेको छ। पालिकालाई प्राप्त भएको सबै अनुदान र राजस्व बाँडफाँडको रकमबाट ७४.२४ प्रतिशत चालु र २५.७६ प्रतिशतमात्र पूँजिगत निर्माणमा खर्च भएको देखिन्छ। यसबाट पालिकाले विकास निर्माण कार्यक्रम सञ्चालनमा न्युन खर्च गरी प्रशासनिक कार्यमा बढी खर्च गरेको देखिन्छ। प्रशासनिक खर्च नियन्त्रण गर्दै प्राप्त अनुदान र राजस्व बाँडफाँडको रकम अधिकरुपमा विकास निर्माणमा परिचालन गरीनुपर्दछ।

**१९ न्यायिक समिति**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म न्यायिक समितिको अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ। समितिमा परेको उजुरी मध्ये मेलमिलाप प्रकृतिका आधारमा विवाद दर्ता भएको ३ महिनाभित्र टुङ्गो लगाउने व्यवस्था छ। तर लेखापरीक्षणको क्रममा पालिकाको न्यायिक समितिमा विवाद दर्ता र समाधान भएको विवरण उपलब्ध भएन।

**२० सहकारी नियमन**

सहकारी ऐन, २०७४ को दफा ७३ अनुसार मासिक, चौमासिक, बार्षिक प्रतिवेदन बुझाउनु पर्ने र सहकारी नियमावली, २०७५ को नियम २८(४), सहकारी संस्थाहरुको सुपरीवेक्षण, निरीक्षण तथा अनुगमन निर्देशिका, २०७८ को दफा ३ मा मासिक प्रतिवेदन प्रत्येक महिना ७ गते भित्र एकीकृत सूचना व्यवस्थापन प्रणाली (COPOMIS) दाखिला गर्नु पर्ने व्यवस्था छ। पालिकाबाट सहकारी दर्ता तथा नविकारण र यस सम्बन्धी विवरण उपलब्ध हुन सकेन। त्यसैगरी पालिकाबाट अनुगमन निरीक्षण गरी तयार गरिएको प्रतिवेदन समेत लेखापरीक्षणका क्रममा पेश भएन। जसले गर्दा सहकारीको सञ्चालन अवस्थाबारे एकिन अध्ययन गर्न सकिएन। तसर्थ ऐन, नियमावली र निर्देशिका अनुसार प्रणालीमा विवरण दाखिला गर्न लगाई सोको प्रभावकारी अनुगमन गर्नु पर्दछ।

**२१ ठेक्काको विवरण**

सार्वजनिक निर्माण कार्य गर्ने हरेक निकायले ठेक्का अभिलेख म.ले.प.फा.न. ५०७ को ढाँचामा अद्यावधिक गरी राख्नुपर्ने व्यवस्था छ। निर्माण कार्यको विस्तृत अभिलेखाङ्कनको लागि प्रयोग गरिने ठेक्का सम्बन्धी अभिलेखले कुल गर्नुपर्ने कार्य, हाल सम्म सम्पन्न भएको कामको परिमाण, मूल्य, कार्य सम्पादन जमानत, पेश्की ग्यारेन्टीको अवस्था, काम सम्पन्न गर्नुपर्ने मिति, भेरिएशन लगायतको जानकारी उपलब्ध हुन्छ। तर यस कार्यालयले उक्त विवरण देखिने गरी अभिलेख राखेको देखिएन। अतः स्वीकृत ढाँचा अनुसार सबै विवरण खुल्ने गरी ठेक्का अभिलेख अद्यावधिक गरी राख्नुपर्दछ।

**२२ आन्तरिक लेखापरीक्षणबाट औल्याएका व्यहोराहरु**

२२.१ स्थानीय तह सञ्चालन ऐन, २०७४ को दफा ७७ (२) मा स्थानीय तहले आर्थिक कारोबारको नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारिताको आधारमा प्रत्येक त्रैमासिक समाप्त भएको एक महिना भित्र आन्तरिक लेखापरीक्षण गराउनु पर्ने उल्लेख छ। त्यस्तै उक्त ऐनमा आन्तरिक लेखापरीक्षणबाट देखिएको व्यहोरा उपर कारवाही गरी फछ्यौट गर्ने व्यवस्था रहेको छ । पालिकाको आन्तरिक लेखापरीक्षणबाट कायम भएको व्यहोरा यसै प्रतिवेदनको अनुसुचिको रुपमा राखिएको छ। पालिकाले आन्तरिक लेखापरीक्षणबाट देखिएको बेरुजु फछ्यौट गर्नुपर्ने रु.

**<u>प्रमाण पेश गर्नुपर्ने बेरुजु</u>**

| दफा नं. | बेरुजुको व्यहोरा | रु. |
|---|---|---|
| ४ | कोटेशन वेगर खरिद गरेको नियम सँगत नदेखिएको रु. | ५,००,७०० |
| ९ | सक्क बिल पेश गर्नुपर्ने रु. | १,१६,१४० |
| ११ | भर्पाई पेश गर्नुपर्ने रु. | २,२६,०९० |
| १३ | जिन्सी दाखिलाको प्रमाण पेश गर्नुपर्ने रु. | ४,००,००० |
| १४ | भर्पाई पेश गर्नुपर्ने रु. | ३,९९,६२० |
| १५ | बिल भर्पाई पेश गर्नुपर्ने रु. | ३६,००० |
| २२ | बिल भर्पाई पेश गर्नुपर्ने रु. | १४,००० |
| **जम्मा रु.** | | **१६,९२,५५०** |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | १६,९२,५५० |

२२.२ <u>**असुल गर्नुपर्ने बेरुजु**</u>

| आलेप दफा नं. | बेरुजुको व्यहोरा | रु. |
|---|---|---|
| ५ | पारीश्रमिक कर अशुल हुनुपर्ने रु. | ७, ०९ , ५८१ |
| ७ | सामाजिक सुरक्षा कर कट्टी नगरेको अशुल गर्नुपर्ने रु. | १, ६२ , १९४ |
| ८ | सामाजिक सुरक्षा कर कट्टी नगरेकोले अशुल गर्नुपर्ने रु. | ३२,५६५ |
| १० | बढी पारीश्रमिक भुक्तानी अशुल गर्नुपर्ने रु. | ४२,१६० |
| १२ | दैनिक भ्रमण खर्च बढी भुक्तानी भएको अशुल गर्नुपर्ने रु. | ९,४५० |
| १६ | पारीश्रमिक कर कट्टी नगरेको अशुल गर्नुपर्ने रु. | ९,१९१ |
| १७ | बढी भुक्तानी भएको अशुल गर्नुपर्ने रु. | १४,२८८ |
| १८ | वढि भुक्तानी भएको अशुल गर्नुपर्ने रु. | ३, ०० , ८७६ |
| १९ | बढी भुक्तानी भएको अशुल गर्नुपर्ने रु. | १५,३५३ |
| २० | बढी भुक्तानी भएको अशुल गर्नुपर्ने रु. | १३,३३७ |
| २१ | बढी भुक्तानी भएको अशुल गर्नुपर्ने रु. | १४,२१५ |
| २४ | अग्रीम आयकर अशुल गर्नुपर्ने रु. | ७१,१०० |
| २५ | बढी भुक्तानी भएको अशुल गर्नुपर्ने रु. | ५,५७७ |
| | जम्मा रु. | १३, ९९ , ८८७ |

| | |
|---|---|
| असुल गर्नुपर्ने | १३,९९,८८७ |

## २३ सानीभेरी उत्तरगंगा साना जलविद्युत परियोजना

२३.१

सानीभेरी उत्तरगंगा साना जलविद्युत परियोजना ९९८ किलोवाट निर्माण कार्यका लागि गाउँपालिकाको तर्फबाट शेयर लगानी बापत रुकुमेली शहिद स्मृति ग्रामिण जल विद्युत सहकारी संस्था लिमिटेडलाई आ.ब.०७४।७५ मा रु.१ करोड ५० लाख, आ.ब.०७६।७७ मा रु.३ करोड ५० लाख र आ.ब.०७८।७९मा रु.२ करोड गरी हालसम्म रु.७ करोड भुक्तानी भएको छ । पालिकाले सोको अभिलेख नराखेकोले सो सम्बन्धमा देखिएको व्यहोरा देहाय अनुसार रहेका छन्

२३.२ **सुत्र प्रणाली बाहिरबाट खर्च** :नेपाल सरकार मन्त्रिपरिषदको मिति २०७६।१।१७ को निर्णय अनुसार स्थानीय तहको बजेट तर्जुमा, लेखांकन र प्रतिवेदन गर्ने प्रयोजनका लागि महालेखा नियन्त्रक कार्यालयबाट तर्जुमा भएको स्थानीय संचित कोष व्यवस्थापन प्रणाली (सुत्र) कार्यान्वियनमा रहेको छ । स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा ७१(६) बमोजिम गाउँसभाबाट बजेट पारित भए पछि दफा ७३ अनुसार गाउँपालिकाले अध्यक्षले ७ दिनभित्र प्रमुख प्रशासकीय अधिकृतलाई बजेटको खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ । यस पालिकाले गाउँ सभाबाट बजेट बिनियोजन नभएको कार्यक्रममा गोश्वारा भौचर एवं बैंक नगदी किताबमा समेत नचढाई स्थानीय संचित कोष व्यवस्थापन प्रणाली (सुत्र) बाहिरबाट गाउँपालिका चालु खर्च खाताबाट २०७८।५।१७ मा रुकुमेली शहिद स्मृति ग्रामिण जल विद्युत सहकारी संस्था लिमिटेडको एनएमबी बैंकको बबरमहल, काठमान्डौँ शाखामा संचालित खातामा RTGS ( Real Time Gross Settlement ) का माध्यमबाट रु.दुई करोड ट्रान्सफर भुक्तानी गरेको पाईयो । गाउँसभाबाट पारित भएको स्वीकृत योजना तथा कार्यक्रम स्थानीय संचित कोष प्रणालीमा प्रबिष्टि गरेर मात्र नियमानुसार खर्च गर्नुपर्दछ ।

२३.३ **रकम फिर्ता नभएको** : गाउँ कार्यपालिकाको मिति २०८०।१।२३ को कार्यपालिका बैठकबाट रुकुमेली शहिद स्मृति ग्रामिण जल विद्युत सहकारी संस्थालाई मिति २०७८।५।१७ मा प्रदान गरिएको रु. २ करोड फिर्ता माग्ने निर्णय भएकोमा लेखापरीक्षण अवधिसम्म पनि उक्त रकम फिर्ता भएको छैन । यस व्यहोरा गत वर्षको लेखापरीक्षण प्रतिवेदनमा समेत औल्याईएकोमा सो उपर कुनै कारबाही अगाडी नबढेकोले उक्त सहकारी संस्थालाई रु. २ करोड प्रदान भएको मिति २०७८।५।१७ देखिको ब्याज समेत हिसाब गरी असुल गर्नुपर्ने देखिन्छ ।

२३.४ लेखापरीक्षणका क्रममा आयोजना सम्बन्धी सम्झौता माग गरिएकोमा पेश भएको छैन । विगत बर्षहरुको लेखापरीक्षण प्रतिवेदन अनुसार उक्त आयोजनाका लागि गाउँपालिकाले शेयरका रुपमा लगानी गर्ने उल्लेख भएकोमा हालसम्म पनि गाउँपालिकामा नाममा शेयर प्रमाणपत्र जारी भएको पाईएन । लेखापरीक्षणका क्रममा उक्त सानोभेरी उत्तरगंगा खोलामा जलविद्युत आयोजना निर्माण कार्यको स्थलगत अवलोकन गर्दा निर्माण कार्य अवरुद्ध भएको पाईयो । जसले गर्दा गाउँपालिकाबाट लगानी गरिएको रकम जोखिममा रहेको एवं आयोजना प्रतिफलमूलक नदेखिएकाले यस सम्बन्धमा गाउँसभा र गाउँकार्यपालिकाले समयमै उपयक्त निकासका लागि आवश्यक पहल गर्नुपर्दछ ।

## २४ आन्तरिक आय

२४.१ स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आय समेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ। पालिकाले आर्थिक वर्ष २०८०।८१ मा केन्द्रीय अनुदानबाट गरेको खर्चका तुलनामा आन्तरिक आयको स्थिति देहाय बमोजिम छ।

| केन्द्रिय अनुदान बाट खर्च | आन्तरिक आय | कुल खर्च | कुल खर्चमा आन्तरिक आय प्रतिशत |
|---|---|---|---|
| ४२,६८,७६,६३१ | ५८१७००० | ४३,२६,९३,६३१ | १.३४ |

२४.२ उरोक्त विवरण अनुसार स्थानीय तहमा प्राप्त केन्द्रीय अनुदानबाट भएको खर्चको तुलनामा आन्तरिक आयको हिस्सा १.३४ प्रतिशत मात्र रहेको छ। त्यसैले पालिकाको आन्तरिक आय सङ्कलनको दायरालाई फराकिलो पार्दै आन्तरिक आय बृद्धि गर्नेतर्फ ध्यान दिनुपर्ने देखिन्छ।

२४.३ पालिका भित्र रहेका करदाताहरुको अभिलेख व्यवस्थित नरहेको एवं बुझाउन ल्याएको अवस्थामा मात्र कर एवं शुल्क बुझ्ने परिपाटी रहेकोले उल्लिखित असुली यथार्थ मान्न सक्ने अवस्था देखिएन। तसर्थ आफ्नो क्षेत्रभित्र करदाताको अभिलेख अद्यावधिक गरी करको दायारामा ल्याउनु पर्दछ।

२५ **कर्मचारी व्यवस्था**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३(८) मा नगर प्रहरी, सवारी चालक, सयस, बगैंचे, प्लम्बर लगायतका पद तथा सेवामा बाहेक करारमा नियुक्त गर्न पाइने व्यवस्था छैन। पालिकाले उल्लेखित पदहरु बाहेक कर्मचारी करारमा नियुक्त गरी तलब भत्ता रु. ९,६३,४३७ भुक्तानी गरेको पाइयो। ऐनको व्यवस्था विपरीत कर्मचारी नियुक्त गरी भुक्तानी गर्ने कार्य नियमसम्मत नदेखिएको रु.

| पद | नियुक्ति संख्या | तलब भत्ता रु.. |
|---|---|---|
| इन्जिनियर | १ | ७, ५५ , ०५७ |
| सव इन्जिनियर | २ | २, ०८ , ३८० |
| जम्मा | ३ | ९, ६३ , ४३७ |

| अनियमित भएको | ९,६३,४३७ |
|---|---|

२६ **फोहोरमैला व्यवस्थापन**

फोहरमैला व्यवस्थापन ऐन, २०६८ अनुसार स्थानीय तहहरुले स्रोतमै फोहरमैलाको वर्गीकरण गर्न लगाई सोही अनुसार सङ्कलन र व्यवस्थापन गर्ने कार्यको शुरुवात गर्न नसकेको कारण फोहरमैला व्यवस्थापनमा जटिलता देखिएको छ। फोहरमैललाई स्रोतमा नै वर्गीकरण गरी कुहिने, नकुहिने, सिसाजन्य, अस्पतालबाट उत्पादित र इ-वेष्ट लगायतका फोहर बर्गीकरण गरी उपयुक्त व्यवस्थापन गरेको देखिएन। फोहरमैलाको उचित व्यवस्थापन गरी पालिकाको पर्यावरणलाई स्वच्छ राख्नुपर्दछ।

२७ **चौरी प्रवर्द्धन कार्यक्रम**

२७.१ प्रदेश सरकारबाट हस्तान्तरित सशर्त कार्यक्रम चौरी प्रवर्द्धन कार्यक्रममा पुथा हिमश्रृङ्खला चौरी गाई पालन कृषक समूह सँग सम्झौता गरी गो.भौ.नं. ११।०८१।०३।२२ बाट रु. १०,००,००० भुक्तानी भएकोमा निम्न पाईयो।

२७.२ **लागत अनुमान:** सार्वजनिक खरिद ऐन २०६३ को दफा ५ बमोजिम सार्वजनिक निकायले रु. १ लाख भन्दा बढीको खरिदको लागि लागत अनुमान तयार गर्नुपर्ने व्यवस्था रहेको छ। तर पालिकाले कृषक सँग सम्झौता गर्दा लागत अनुमान तयार नगरी कार्यक्रम सञ्चालन गरेकोमा लागत अनुमान तयार गरी खरिद गर्नुपर्दछ ।

२७.३ **अनुदान उपलब्ध:** स्थानीय तहमा सशर्त वित्तीय हस्तान्तरित कृषि तथा पशुपन्छी विकास कार्यक्रम सञ्चालन कार्यविधि, २०८०ले चौरी प्रवर्द्धन कार्यक्रमको लागि कुल लागतको ७५ प्रतिशत मात्र अनुदान उपलब्ध गराउन सक्ने व्यवस्था रहेको छ। उक्त कृषक समुहले चौरी १ याक र १२ वटा नाक खरिद गरी जम्मा रु. १२,०४,००० को बिल भर्पाइ पेश भएकोमा उक्त रकमको ७५ प्रतिशतले हुने रु. ९,०३,००० भुक्तानी दिनुपर्नेमा रु. १०,००,००० भुक्तानी दिएकोले कार्यविधिले तोकेको मापदण्ड भन्दा बढी भुक्तानी दिएको रकम सम्वन्धित कृषक समूहसँग अशुल गर्नुपर्ने रु.

| असुल गर्नुपर्ने | ९७,००० |
|---|---|

२७.४

**बीमा गर्नुपर्ने:** कृषकले याक १ थान रु. १,००,००० र नाक १ वटा रु. ९२,००० का दरले रु. ११,०४,००० गरी जम्मा रु. १२,०४,००० को खरिद गरेकोमा उक्त चौरीको बीमा गराएको छैन। कृषक समुहले उक्त चौरीको बीमा गरी प्रमाण पेश गर्नुपर्दछ।

## २८ स्यानिटरी प्याड खरिद

२८.१ सामुदायिक विद्यालयमा अध्ययनरत छात्राहरुको लागि निशूल्क रुपमा स्यानिटर प्याड उपलब्ध गराउने उद्देश्यले सङ्घीय सरकारबाट हस्तान्तरण भई निम्न भौचरबाट खरिद भएकोमा निम्न पाईयो।

| गो भौ नं. | सप्लायर्स | खरिद विधि | खरिद परिमाण | खरिद दर | जम्मा खरिद दर |
|---|---|---|---|---|---|
| ६।२०८०।०५।३१ | बागेश्वरी ट्रेडस एण्ड मिडिया हव प्रा लि | सोझै खरिद | ६४५० प्याकेड | ११५ | ७४१७५० भ्याट बाहेक |

२८.२ **कम परिमाण खरिदः** स्यानिटरी प्याड (वितरण तथा व्यवस्थापन) कार्यविधि २०७६ को नियम ५ मा विद्यालयको व्यवस्थापन क्षमता अनुसार त्रैमासिक चौमासिक वा अर्धबार्षिक रुपमा एक छात्रालाई एक महिनावारी चक्रमा २ प्याकेटको दरले १० महिनाको लागि उपलब्ध गराउनुपर्ने व्यवस्था रहेको छ । इमिस विवरण अनुसार पालिकामा कक्षा ५-१२ कक्षा सम्म जम्मा १,४८२ जना विधार्थी रहेकोमा २९,६४० प्याकेट आवश्यक रहेकोमा जम्मा ६,४५० प्याकेट मात्र खरिद गरी वितरण गरेको छ। समयमा नै खरिद गरी सम्बन्धित विद्यालयमा प्याड वितरण नगर्दा विद्यार्थी गुणस्तरीय सेनिटरी प्याड प्राप्त गर्न बाट वञ्चित भएका छन्। पालिकाले आवश्यकता बमोजिम समयमा नै प्याड खरिद गरी विद्यालयलाई हस्तान्तरण गर्नुपर्दछ।

२८.३ **गुणस्तर परीक्षणः** स्यानिटरी प्याड (वितरण तथा व्यवस्थापन) कार्यविधि २०७६ को अनुसुची १ र २ मा स्यानिटरी प्याडको गुणस्तर तोकिएको छ। तर पालिकाबाट मिति १८७।२०८१।०३।२२ खरिद भएका ६४५० प्याकेट स्यानिटरी प्याडको तोकिएको गुणस्तर भए नभएको सम्बन्धमा गुणस्तर परीक्षण गरिएको पाईएन। पालिकाले खरिद गरेको प्याडको गुणस्तर परीक्षण गरी तोकिएको गुणस्तरिय प्याड मात्र वितरण गर्नुपर्दछ।

## २९ समानीकरण खर्चबाट शिक्षकको तलब

विद्यालय अनुदान व्यवस्थापन निर्देशिका २०७४ को वुदा नं. ४.१ मा स्विकृत दरबन्दीमा कार्यरत शिक्षकहरु, राहत अनुदानमा कार्यारत सबै शिक्षकहरु, प्रारम्भिक बाल विकासका शिक्षकहरु, विद्यालयमा कार्यरत कर्मचारीको तलब भत्ता सबै सशर्त अनुदानको रुपमा उपलब्ध हुने व्यवस्था रहेको छ। शिक्षा नियमावली २०५९ को नियम ९७(१) मा नेपाल सरकारबाट स्वीकृत दरबन्दीको रिक्त शिक्षक पदमा स्थाई नियुक्तिको लागि उम्मेद्वार सिफारिश भई नआएसम्म बढीमा ६ महिनाको लागि अस्थायी शिक्षक नियुक्त गर्न सक्ने व्यवस्था रहेको छ। त्यस्तै उक्त नियम ९८ (१ ) मा कुनै पनि व्यक्ति वा शिक्षकलाई रिक्त दरबन्दी नरहेको विद्यालयमा नियूक्ती वा सरुवा गर्ननहुदैन भनी व्यवस्था गरेको छ। तर पालिकाले पालिका अनुदानबाट निम्न विद्यालयमा दरबन्दी भन्दा बाहिरका शिक्षकको तलब भत्ता निकाशा दिएको छ। विद्यालयकमा कक्षा सञ्चालन भएको तर शिक्षक दरबन्दी स्विकृत नभएको कारणले दरबन्दी भन्दा बाहिरको शिक्षकलाई तलब भत्ता निकाशा दिनुपरेको भनाई रहेको छ। पालिकाले शिक्षकको दरबन्दी मिलान गरी दरबन्दी स्विकृत गरी मात्र तलब भत्ता निकाशा दिनुपर्दछ। पालिकाले दिएको विवरण अनुसार सशर्त अनुदानबाट भुक्तानी हुने शिक्षकको तलब भत्ता गाँउपालिका अनुदान बाट भुक्तानी भएको बजेट सिद्वान्त विपरीत भएको अनियमित भएको रु.

**(विस्तृत विवरण बेरूजु दफा २९ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)**

| | |
|---|---|
| अनियमित भएको | १,५८,१०,००० |

## ३० मासिक बैठक भत्ता

सार्वजनिक खर्चलाई मितव्ययी तथा प्रभावकारी बनाउने सम्बन्धी मापदण्ड, २०७८ को बुँदा नं. ११(४) मा नियमित कामको लागि बैठक भत्ता प्रदान गरिने छैन भन्ने व्यवस्था रहेको छ। पालिकाले विभिन्न मितिमा बैठक बसेवापत यस वर्षमा रू.१,९०,३६० खर्च लेखेको छ । पालिकाबाट बजेट खर्च गर्दा मितव्ययी रुपमा सञ्चालन गर्नुपर्दछ ।

३१ **तलबी प्रतिबेदन**

निजामती सेवा ऐन २०४९, स्वास्थ्य सेवा ऐन, २०५३ तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४, शिक्षा ऐन, २०२८ मा तलवी प्रतिवेदन पारित गराएर मात्र तलब खर्च लेख्नु पर्ने उल्लेख छ। पालिकाले यो वर्ष तलवी प्रतिवेदन पारित नगराई सङ्घीय सरकारबाट हस्तान्तरित चालु अन्तर्गत स्वास्थ्य तर्फकका कर्मचारीको रु.२,९३,३९,००८ पालिकाका कर्मचारीको रु.६०,२४,१५५ समेत रु.३,५३,६३,१६३ खर्च लेखेको छ। तलबी प्रतिवेदन पारित नगरी खर्च लेख्न पाउने भन्दा बढी तलब भत्ता ग्रेड भुक्तानी हुन सक्ने तथा लेखापरीक्षणको क्रममा भुक्तानीको तुलना गर्न नसकिने भएकोले तलबी प्रतिवेदन पारित गराएर तलब भत्ता भुक्तानी गर्नुपर्दछ।

३२ **अवकास कोष**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९१ मा स्थानीय सेवाका कर्मचारीले निजको सेवा शर्त सम्बन्धी कानून बमोजिम अवकाश प्राप्त गर्ने योगदानको आधारित उपदान वा निवृत्तिभरण, औषधि उपचार लगायतका सुविधा उपलब्ध गराउनका लागि एक अवकास कोष स्थापना गर्नुपर्ने व्यवस्था गरेको छ। गाउँपालिकाले यो वर्ष सम्म कर्मचारी कल्याण कोष स्थापना गरेको छैन। कानूनमा भएको व्यवस्था बमोजिम कर्माचारी अवकाश हुँदा पर्न जाने दायित्व वहन गर्नको लागि अवकाश कोष स्थापना गरी कार्यान्वियन गर्नुपर्दछ।

३३ **कार्यविधि बमोजिम कार्य**

कामका लागि पारिश्रमिकमा आधारित सामुदायिक आयोजना (सञ्चालन तथा व्यवस्थापन) कार्यविधि, २०७७ को बुँदा ४ मा आयोजना तर्जुमा गर्दा उच्च तथा दीगो आर्थिक प्रतिफल प्राप्त किसिमका भौतिक भौतिक पूर्वाधार निर्माण हुने, बढि भन्दा बढि जनसंख्यालाई लाभ पुग्ने, स्थानीय समुदायको सामाजिक र आर्थिक उन्नतिमा प्रत्यक्ष सहयोग पुग्ने र वातावरण संरक्षण र विपद् व्यवस्थापन गर्न योगदान पुर्याउने योजना छनौट गर्नुपर्ने व्यवस्था रहेकोमा पालिकाले अधिकांश योजना बाटो तथा नाली सरसफाई, मर्मत र घोरेटो बाटो निर्माण गर्ने योजना सञ्चालन गरेको छ, जसले समुदायलाई आर्थिक सामाजिक लाभ दिने तथा समाजको दिगो विकास गर्न योगदान दिन सक्दैन। पालिकाले योजना छनौट र कार्यान्वियन गर्दा कार्यविधिले उल्लेख गरेको प्रावधानलाई ध्यान दिनुपर्दछ ।

३४ **प्रधानमन्त्री रोजगार कार्यक्रम**

स्थानीय तहमा सूचीकृत बेरोजगार व्यक्तिलाई न्यूनतम रोजगारीको प्रत्याभूत गराउन एवं सामूदायिक पूर्वाधारहरुको विकास मार्फत नागरिकको जीवनयापनमा सुधार ल्याउने उद्देश्यले स्थानीय तह भित्र प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालनमा रहेको छ। यस कार्यक्रम व्यवस्थित रुपमा सञ्चालनका लागि प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन निर्देशिका, २०७५ तयार गरेको छ। यस कार्यक्रम अन्तर्गत पालिका अन्तर्गत १४ वडामा १८ योजना सञ्चालन गरी यस वर्ष ९१ जनालाई औसत ९३.९४ दिनले ८,५९४ दिन रोजगारी उपलब्ध गराई रु.३६,३८,८८० श्रमिक ज्याला खर्च गरेको छ। पालिकाका नियमित योजना र प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गतका योजना छनौट गर्दा योजना छनौटको आधार नखुलाएकोले दोहोरो परे नपरेको सम्बन्धमा एकिन हुने प्रमाण लेखापरीक्षणको क्रममा पेश हुन सकेन। योजनामा दोहोरो नहुने गरी योजना छनौट गरी कार्यान्वियन गर्नुपर्दछ। उक्त खर्चबाट लक्षित वर्गमा अल्पकालिन रोजगारी सृजना भए तापनि कामको दीगोपना तथा दीर्घकालीन रोजगारी सिर्जना भएको देखिंदैन। तसर्थ कार्यक्रम सञ्चालन निर्देशिका बमोजिम व्यवस्थित तवरले कार्य सञ्चालन गर्नुपर्दछ।

३५ **सुनादह प्रोफाइल बुक**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०६४ को नियम ३९(५) मा खर्च भुक्तानी दिदा खर्चको पुष्टी हुने बिल भर्पाई पेश गर्नुपर्ने व्यवस्था छ। पालिकाले गो.भौ.नं. १२४।०८१।३।२१ बाट जालकी मिडिया एण्ड रिसर्च सँग ५०० प्रति सुनादह प्रोफाइल बुक (१२५ पेजको) प्रकाशन गर्नेको लागि रु. ४,९७,५०० को सम्झौता गरी ४० पेजको Draft पेश गरेको आधारमा उक्त रकम भुक्तानी दिएको छ। पालिकाले सम्झौता बमोजिम उक्त प्रोफाइल बुक छपाई गरी दाखिला र वितरण गरेको प्रमाण पेश भएन। पालिकाले उक्त प्रति प्राप्त गरी भण्डार दाखिला र वितरण गरेको प्रमाण पेश गर्नुपर्ने रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ४,९७,५०० |

३६ **गत वर्षको भुक्तानी**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन,२०७६ को दफा ९(घ) मा बहुबर्षिय खरिद र विशेष परिस्थितिबाट सृजित दायित्वमध्ये आगामी वर्ष भुक्तानी गर्नुपर्ने बाँकी रकम समावेस गरेर बजेट बनाउने व्यवस्था छ। पालिकाले नियमित र चालु प्रकृतिका खर्चको गत/विगतको भुक्तानी दिन बाँकी दायित्व बजेटमा समावेश गरी रु.२१,४०,५३९ भुक्तानी दिएको छ। ऐनको प्रावधान अनुरुप बहुवर्षीय खरिद र विशेष परिस्थितिबाट सृजित दायित्वमात्र गत/विगतको भुक्तानी दिने गरी बजेट निर्माण गर्ने तर्फ पालिकाले ध्यान दिनुपर्दछ।

| गो. भौ . नं.. / मिति | कार्यक्रम | भुक्तानी रकम |
|---|---|---|
| ७२।२०८०।०६।३० | घरभाडा तथा विविध खर्च भुक्तानी | १,२३,५०० |
| ७८।२०८०।०६।३० | घरभाडा भुक्तानी | ३६,००० |
| ८३।२०८०।०७।०१ | रेडियो पूर्वी रु.कुममा पालिका गतिविधि कार्यक्रम सञ्चालन | ३,१६,००० |
| ८४।२०८०।०७।०१ | शिक्षा क्षेत्रको योजना निर्माण वापत भुक्तानी | ४,८८,४९९ |
| ८५।२०८०।०७।०१ | पालिकाको O&M Survey वापत भुक्तानी | ४,९४,९४० |
| ९१।२०८०।०७।०१ | घरभाडा वापत भुक्तानी | २५,००० |
| ९३।२०८०।०७।०१ | अतिरिक्त भत्ता वापत भुक्तानी | २,५६,६०० |
| २९८।२०८१।०३।१० | कर्मफ्लाइट्स फाउण्डेसन नेपालसँगको लागत साझेदारीमा विद्यार्थीहरु.लाई सिलिकन ज्याकेट वितरण | ४,००,००० |
| जम्मा | | २१,४०,५३९ |

## ३७ मसलन्द तथा कार्यालय सामाग्री खरिद

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८ बमोजिम प्रतिस्पर्धा सीमित नहुने गरी खरिद गर्नुपर्ने व्यवस्था छ। त्यस्तै सार्वजनिक खरिद नियमावलीमा रु.१० लाखसम्मको खरिद कार्य सोझै गर्न सकिने, रु.१० लाखभन्दा माथि रु.२० लाखसम्म सिलबन्दी दरभाउपत्रबाट र सोभन्दा माथि बोलपत्रको माध्यमबाट खरिद गर्ने व्यवस्था छ। त्यस्तै सोझै खरिद कार्य गर्दा एक आर्थिक वर्षमा सीमाभन्दा बढीको खरिद गर्न नहुने एवं एउटा आपूर्तिकर्ता सँग एक पटकभन्दा बढी सोझै खरिद गर्न नहुने उल्लेख छ। सुत्र प्रणालीको विवरण अनुसार पालिकाले एउटै तथा विभिन्न सप्लायर्सबाट मसलन्द तथा कार्यालय सामाग्री टुक्रा पारेर रु. २०,००,००० खरिद गरेको पाईयो। गाउँपालिकाले विभिन्न मितिमा मसलन्द तथा कार्यालय सामाग्री सोझै खरिद गरेको देखिएकोले यसमा सुधार गर्नुपर्दछ ।

| गो. भौ . नं.. / मिति | विवरण | सप्लायर्स | भुक्तानी रकम |
|---|---|---|---|
| ७।२०८०।०५।२६ | कार्यालय सामान खरिद | वागेश्वरी ट्रेडर्स एण्ड मिडिया हव प्रा. लि | ६५१३२६ |
| ४८।२०८०।०६।२२ | मसलन्द तथा कार्यालय सामान खरिद | अमर छापाखाना उद्योग एण्ड सप्लायर्स | १०१७०० |
| १३३।२०८०।१०।११ | मसलन्द तथा कार्यालय सामान खरिद | अमर छापाखाना उद्योग एण्ड सप्लायर्स | २१७७७९ |
| १३७।२०८०।१०।११ | मसलन्द तथा कार्यालय सामान खरिद | पशुपति छापाखाना | १६२२११ |
| १८७।२०८०।१०।११ | मसलन्द तथा कार्यालय सामान खरिद | गुगल ट्रेडर्स | ३३९७५० |

## ३८ वितरणमुखी कार्यक्रम

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ मा स्थानीय तहले उपयोगिता सृजना हुने गरी अधिकतम प्रतिफल दिने कार्यक्रम छनौट गरी कार्यान्वयन गर्नुपर्ने व्यवस्था छ। पालिकाले देहायका वडाहरुमा ज्येष्ठ तथा विपन्न नागरीकहरुलाई प्रेसर कुकर, थर्मस, फिल्टर तथा बाख्रा लगायतका सामाग्री वितरण वापत रू.९,६०,००० भुक्तानी खर्च लेखेको छ ।यस्तो खर्चले नागरीकको जीवनस्तरमा प्रत्यक्ष उपलब्धी हाँसिल नहुने भएकोले कार्यविधि वेगर वितरणमुखी कार्यक्रममा वितरण गरिनुको साथै यस्तो खर्च गर्दा वास्तविकता र आवश्यकतामा आधारित गरी पारदर्शी तवरले गर्नुपर्दछ।

| गो. भौ . नं.. / मिति | कार्यक्रम | भुक्तानी रकम |
|---|---|---|
| २११।२०८१।०१।३१ | वडा नं.. ३ को १२० जना जेष्ठ नागरीक, अपाङ्ग , बिधुवा तथा शहिद परिवारलाई सिरक ब्लयाङ्केट वितरण | २५०००० |
| २१४।२०८१।०२।०१ | वडा नं.. ५ को ४० जना शहिद परिवार घाइते तथा अपाङ्ग नागरीकलाई कासको थाल वितरण | ६०००० |
| २२१।२०८१।०२।०२ | वडा नं.. २ मा ९० जना ज्येष्ठ नागरीक तथा अपाङ्गलाई सिलिकन ज्याकेट वितरण | १५०००० |
| २५२।२०८१।०२।१० | वडा नं.. १३ मा २९ जना ज्येष्ठ नागरीक तथा अपाङ्गलाई कासको थाल तथा कचौरा वितरण | १००००० |
| ३३१।२०८१।०३।१४ | वडा नं.. १२ मा ३५ जना ज्येष्ठ नागरीक तथा अपाङ्गलाई कासको थाल तथा कचौरा वितरण | १५०००० |
| ३३५।२०८१।०३।१५ | वडा नं.. १ को १०१ जना ज्येष्ठ नागरीकलाई फाइवर सिरक वितरण | २५०००० |
| जम्मा | | ९,६०,००० |

३९ **प्रमाण कागजात नभएको**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली,२०७७ को नियम ३९(५) मा सार्वजनिक निकायले सरकारी रकम खर्च गर्दा सो खर्च पुष्टी हुने बिल भरपाई राख्नु पर्ने व्यवस्था छ। पालिकाले गो.भौ.नं. ३१९।२०८१।०३।१३ बाट बालबालिका तथा किशोर किशोरी तालिम शीर्षकबाट तालिम सञ्चालन गरी रु. १,००,००० भुक्तानी गरेको छ। पालिकाले उक्त तालिमको प्रशिक्षक हाजिर तथा तालिम कार्यतालिका समेत समाबेश नभएकोले उक्त तालिम सञ्चालन भयो भएन भन्ने एकिन हुन सकिएन पालिकाले उक्त तालिमको प्रशिक्षक हाजिरी तथा तालिम कार्यतालिकाको प्रमाण पेश गर्नुपर्ने रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | १,००,००० |

४० **फरक शिर्षक**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तदायित्व ऐन, २०७६ को दफा १८ मा स्वीकृत बजेट बमोजिम खर्च गर्ने व्यवस्था गरेको छ। साथै एकिकृत आर्थिक संकेत तथा वर्गीकरण र व्याख्या, २०७४ (दोस्रो परिमार्जन) अनुसार कार्यालयले सम्बन्धित खर्च शिर्षकमा मात्र खर्च लेख्नुपर्ने व्यवस्था रहेको छ। पालिकाले बजेट विनियोजन भएको शीर्षकबाट खर्च गर्नुपर्नेमा फरक शीर्षक बाट खर्च लेखेकोमा सम्बन्धित शिर्षकबाट खर्च गर्नुपर्दछ ।

| गो.भौ.नं./मिति | खर्चको विवरण | भएको खर्च शीर्षक | भुक्तानी रकम |
|---|---|---|---|
| ३१६।०८१। ०३।१२ | दैनिक भ्रमण भत्ता भुक्तानी | कर्मचारीको बैठक भत्ता | १६२८०५ |
| ३५४।०८१। ०३।१७ | हिमालय आधारभुत विद्यालयको ग्याविन तथा फिल्ड निर्माण | महिला क्षमता अभिवृद्धि तालिम र दलित तथा जनजाती सचेतना मुलक कार्यक्रम | २६८८०० |
| ४१५।०८१। ०३।२३ | खेलाडीहरु.लाई ट्र्याक सुट तथा जर्सी खरिद | शैक्षिक छात्रवृत्ति | १०८००० |
| ४३४।०८१। ०३।२४ | दैनिक भ्रमण भत्ता र कार्यालय सामाग्री खरिद | सवारी साधन वीमा तथा नविकरण | २३४९२८ |
| ५।०८०।५।२७ | स्वास्थ्य संस्थामा कार्यालय सामाग्री खरिद | स्वास्थ्य स्थायी कर्मचारीको तलब भत्ता | ३८६५७३ |
| १२७।०८१।३। २३ | स्वास्थ्य शाखाको कार्यक्रम | स्वास्थ्य स्थायी कर्मचारीको तलब भत्ता | ६४८००० |
| ६९।०८१।३। ११ | पदाधिकारी वैदेशिक भ्रमण खर्च कार्यक्रम | हुकाम काजरजंग पेल्मा सडक निर्माण योजना | ५००००० |
| ११४।०८१।३। २० | पदाधिकारी वैदेशिक भ्रमण खर्च कार्यक्रम | हुकाम काजरजंग पेल्मा सडक निर्माण योजना | ५००००० |
| १९९।०८१।३। २० | विद्यालय फर्निचर खरिद | खिड्चौर भवन तथा शौचालय मर्मत योजना | २०००० |
| **जम्मा रु.** | | | **२६,१७,६७०** |

## ४१ परामर्श सेवा खरिद

सार्वजनिक खरिद नियमावली, २०६४ नियम १२ मा सार्वजनिक निकायमा कार्यरत जनशक्तिबाट नभ्याउने र बढी दक्षता आवश्यक पर्ने कार्य अनुसार परामर्श सेवाको लागत अनुमान तयार गरी प्रतिस्पर्धाको माध्यमले खरिद गर्नुपर्ने व्यवस्था छ। पालिकाले स्थानीय विकासमा टेवा पुग्ने तथा दीर्घकालीन पुँजी निर्माण हुने मागमा आधारित आयोजनाको छनौट भएपछि लाभ लागत यकिन गरी उपलब्ध जनशक्तिबाट हुन नसक्ने कार्यको लागि प्रतिस्पर्धाको माध्यमले परामर्श सेवा खरिद गनुपर्नेमा पालिकामा कार्यरत जनशक्ती भन्दा बढी दक्षता आवश्यक पर्ने तथा उक्त जनशक्तिबाट कार्य सम्पन्न गर्न नसक्ने स्पष्ट निर्णय बेगर अन्य निकायबाट कार्य गराएको तथा उक्त आयोजना कार्यान्वियनमा गएको देखिने गरी विवरण उपलब्ध नभएकोले परामर्श खरिदको उपयोगिता सम्बन्धमा एकिन हुन सकिएन् । पालिकाको प्राविधिक जनशक्तिले उक्त कार्य गर्न नसक्ने भएकोले परामर्श सेवा खरिद गरेको कार्यालयको भनाई रहेको छ ।

| क्र.म. | गो भौ नं | कार्य | परामर्श दाता | भुक्तानी रु. | अध्ययन बाट निर्धारण भएको योजनाको लागत |
|---|---|---|---|---|---|
| १ | ११८।०८१।०३। २१ | वस्ती विकास तथा ढल निकास | आरती डिजाइन एशोसिएशन प्रा.लि. | ६९३७६५ | ८० करोड |

## ४२ औषधी खरिद

४२.१ औषधी खरिद: पालिकाले नागरीकलाई निशुल्क रुपमा औषधी उपलब्ध गराउने उद्देश्यले सङ्घीय सरकारबाट हस्तान्तरित कार्यक्रमा निम्न भौचरबाट औषधि खरिद गरी वितरण गरेकोमा निम्न पाइयो।

| क्र.स. | भौचर नं. | खरिद रु. |
|---|---|---|
| १ | ५५।०८१।१।३ | ६,७२,५२८ |
| २ | ६६।०८१।०२।१४ | ९२,२७५ |
| ३ | ११५।०८१।३।२२ | ३,९९,९८८ |
| | **जम्मा रु.** | **११,६४,७९१** |

४२.२ **लागत अनुमान:** सार्वजनिक खरिद ऐन २०६३ को दफा ५ बमोजिम सार्वजनिक निकायले रु. १ लाख भन्दा बढीको खरिदको लागि लागत अनुमान तयार गर्नुपर्ने व्यवस्था रहेको छ। तर पालिकाले औषधी खरिद गर्दा लागत अनुमान तयार नगरी खरिद गरेकोले लागत अनुमान तयार गरी खरिद गर्नुपर्दछ ।

४२.३ **मौज्दात र दाखिला**: पालिकाकालाई आवश्यक पर्ने औषधि मध्ये पालिकाबाट खरिद गर्नुपर्ने र तालुक निकायबाट प्राप्त हुने परिमाण यकिन गरी बार्षिक आवश्यकताको परिणाम विवरण तयार गरी पुल सिस्टमको आधारमा आपूर्ति व्यवस्थापन गर्नु पर्दछ। आपूर्ति हुने औषधी वा अन्य सामानमा उत्पादन मिति , म्याद सकिने मिति, ब्याच नं., उत्पादक कम्पनीको नाम र नि:शूल्क वितरणको लागि लगायतका सूचना उल्लेख रहेको हुनुपर्दछ। आपूर्ति भएका औषधिको म्याद सकिने मिति भण्डार दाखिला समयदेखि कम्तिमा १८ महिना बाँकी हुनु पर्दछ। त्यसैगरी भण्डारमा दाखिला गर्दा समेत उल्लेखित सबै विवरण खुलाउनुपर्दछ। पालिकाले औषधी खरिद गर्दा आवश्यकता पहिचान गरेको छैन भने पुल सिस्टमको आधारमा आपूर्ति समेत गरेको देखिएन। आपूर्ति हुने औषधी तथा औषधीजन्य सामाग्रीमा उल्लेखित सूचना पूर्ण रुपमा रहेको छैन भने औषधिको प्रयोग र मौज्दात समेत यकिन भएन। अत: पालिकाले औषधि खरिद, उपयोग र मौज्दातको अवस्था यकिन गरी औषधि खरिदलाई व्यवस्थित बनाउनु पर्दछ।

४३ **स्वास्थ्य कर्मीको तलब**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ मा स्थानीय तहले आफ्नो अधिकार क्षेत्र र कार्यबोझको विश्लेषण गरी सँगठन तथा व्यवस्थापन सर्भेक्षणको आधारमा स्थायी प्रकृतिको कामको र सेवा करारबाट लिईने कर्मचारीको दरबन्दी प्रस्ताव गर्नुपर्ने र अस्थायी दरबन्दी सृजना गर्न नसकिने व्यवस्था छ। त्यसैगरी सोही ऐनको को दफा ८३(८) बमोजिम पालिकाले नगर प्रहरी, सवारी चालक, सयश, कार्यालय सहयोगी, पलम्बर, इलेक्टीसियन, चौकिदार, मालि, बगैँचे लगायतका पदमा मात्र करारबाट सेवा लिन सकिने व्यवस्था गरेको छ। पालिकाले दिएको विवरण अनुसार निम्न स्वास्थ्य संस्थामा दरबन्दी बाहेक करारमा नियुक्ती गरी रु. १५,६६,५०० भुक्तानी दिएको नियम सँगत नदेखिएको रु.

| स्वास्थ्य संस्था | करार नियुक्ती संख्या | बार्षिक तलब भत्ता भुक्तानी रु. |
|---|---|---|
| तकसेरा स्वा चौकी | ३ | ७२०५०० |
| जाङ स्वास्थ्य चौकी | १ | २८२००० |
| हुकाम स्वास्थ्य चौकी | १ | २८२००० |
| मैकोट स्वास्थ्य चौकी | १ | २८२००० |
| **जम्मा रु.** | | **१५,६६,५००** |

| | |
|---|---|
| अनियमित भएको | १५,६६,५०० |

४४ **उपभोक्ता समितिको कार्य**

४४.१

**उपभोक्ताको कार्य** : सार्वजनिक खरिद (१३ औं संशोधन) नियमावली, २०६४ को नियम ९७(१०) र १३ मा उपभोक्ता समितिले पाएको काम आफैले सम्पन्न गर्नुपर्दछ। निर्माण व्यवसायीबाट गराउन सकिने छैन तथा उपभोक्ता समितिले प्राप्त गरेको काममा निर्माण व्यवसायीलाई संलग्न गरेको पाइएमा सम्झौता रद्द गरी भविष्यमा काम गर्न नदिने गरी अभिलेख राखी निर्माण व्यवसायीलाई कालोसूचीमा राख्न सार्वजनिक खरिद अनुगमन कार्यालयमा सिफारिस गर्नुपर्दछ। पालिकाले देहायका योजना उपभोक्ता सँग सम्झौता गरी निर्माण व्यवसायीबाट काम गराएकोमा कालोसूचीको प्रकृयामा राखेको पाइएन। नियमको पालना गरी मितव्ययी र पारदर्शी खर्च गर्नुपर्दछ।

| आयोजनाको नाम | निर्माण व्यवसायी | भुक्तानी रु. | मूल्यांकन रु. | चेनेज |
|---|---|---|---|---|
| हालवाड खालावाङ्ग सडक | वडा नं.. ९ यमुना नि. सेवा | ३५,७३,३४२ | ५६,२६,१९० | ०+००० देखी १+८६० |
| हुकाम मैकोट सडक निर्माण | वडा नं.. ५ एडभान्स पुथा विल्डर्स | ५५,३२,०२८ | ५५,४५,८७१ | ०+००० देखी २+२०० |
| गार रन्मा सडक वडा नं.. ५ | एडभेन्चर युथ विल्डर्स | ५५,८१,६३५ | ५५,३५,८६३ | ०+००० देखी १+४२० |
| | जम्मा | १, ४६ , ७७ , ००५ | १, ६७ , ०७ , ९२४ | |

माथिको तालिकामा ३ योजनामा २ व्यवसायीले मू.अ.कर समेत रु. १,४६,७७,००५ बिल जारी गरी उपभोक्ता बाट भूक्तानी लिएको छ। सो अनुसार हुने मु.अ.कर बाहेक रु. १,२९,८८,५०० को मूल्य अभिवृद्धि कर रु. १६,८८,५०४ मूल्य अभिवृद्धि कर को ३० प्रतिशत उपभोक्ताले कट्टी गरी राजश्व दाखिला नगरेकोले मु.अ. कर समायोजन पेश गर्ने अन्यथा अशुल गर्नुपर्ने रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ५,०६,५५२ |

४४.२ **अग्रीम कर कट्टी गर्नुपर्ने :** आयकर ऐन, २०५८ को दफा ८९ बमोजिम अग्रिम कर कट्टा गर्नुपर्ने व्यवस्था रहेको छ। निर्माण व्यवसायीलाई भुक्तानी भएको बिलको रु. १,२९,८८,५०० को १.५ प्रतिशतले हुने कर रु. १,९४,८२८ अशुल गर्नुपर्ने रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | १,९४,८२८ |

## ४५ ठूला गैरा-बजुवा-पेल्मा पदमार्ग निर्माण

**सम्झौताको शर्त**: सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२३(१) बमोजिम खरिद सम्झौता अनुसार सार्वजनिक निकायले रनिङ बिल वा अन्य कुनै बिजक भुक्तानी गर्दा करारको शर्त बमोजिम गर्नुपर्ने व्यवस्था छ। ठुला गैरा बजुवा पेल्मा पदमार्ग निर्माणको लागि ठूला गैरा बजुवा पेल्मा पदमार्ग उपभोक्ता समितिसँग भएको सम्झौतामा उल्लेख नभएको तपसिल बमोजिमका दुई आईटमलाई रनिङ बिल भुक्तानी गर्दा नापी किताबमा राखी गो.भौ. नं. ३३-२०८१।०३।२२ बाट भुक्तानी दिएको रु.३,१७,८२६.०० सम्बन्धित उपभोक्ता समितिबाट असुल गर्नुपर्ने रु.

| **विवरण** | **ईकाई** | **सम्झौताको परिमाण, दर र रकम** | **भुक्तानी भएको परिमाण, दर र रकम** | **सम्झौतामा नभएको आईटमको भुक्तानी रु..** |
|---|---|---|---|---|
| E/W excavation of dry masonry wall | Cum. | ० | ४०, ६४८.९० र रु..२५,९५६ | २५,९५६ |
| Dry Masonry wall work | Cum. | ० | ६०, ४८६४.५० र रु..२९१,८७० | २,९१,८७० |
| **सम्झौता उल्लेख भएको भन्दा बढी भुक्तानी** | | | | **३,१७,८२६** |

| | |
|---|---|
| असुल गर्नुपर्ने | ३,१७,८२६ |

## ४६ गार रन्मा सडक वडा नं.. ५

**प्राविधिक नापजाँच** : सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७(३ख) मा कार्यको डिजाइन लागत अनुमान र प्राविधिक सल्लाह, नापजाँच र आयपास लगायतको प्राविधिक सहयोग कार्यालयबाट उपलब्ध गराउने व्यवस्था छ। गार रन्मा सडक निर्माण कटिङ्ग

एण्ड फिलङ्ग कार्य चेनेज ०+००० देखि १+३२० अर्थात १३२० मिटरमा १५,८८० घनमिटर कडा ढुङ्गा २३७१.५ घनमिटर वा १६.८२ प्रतिशत, सामान्य ढुङ्गा ६६१७ घ.मी वा ४१.६७ प्रतिशत र सबै प्रकारको माटो ६५९१.५० घनमिटर अर्थात ४१.५१ प्रतिशत हुने अनुमान गरी काम गराउदा नापी अनुसार १५९१५.७५ प्रति घनमिटर रु. ३४७.८२ का दरले ५५,३५,८१६ माटो कटीङ्ग र फिलिङको कार्य गरी रु. ४८ लाख अनुदान भुक्तानी गरेको पाईयो। लागत अनुमान र यथार्थ नापी किताबमा लागत संयोजन देहाय बमोजिम फरक पारेको अवस्थाले उपभोक्ता समितिलाई मूल्यांकन भन्दा बढी भुक्तानी गरेको देखिएको रु. १९,६०,१८१।७० असुल गर्नुपर्ने रु.

| कामको विवरण | लागत अनुपात प्रतिशत | दर | यथार्थ नापी अनुपात | दर |
|---|---|---|---|---|
| कडा ढुङ्गा | १६.८२ | १३६६.२९ | ९.७ | १३२.५३ |
| साधारण ढुङ्गा | ४१.६७ | २१२.५५ | १९.६८ | ४१.८२ |
| साधारण माटो | ४१.५१ | ७०.८४ | ७१.०३ | ५०.३१ |
| | **जम्मा** | **३४७.८२** | | **२२४.६६** |

माथिको तालिकामा लागत दर प्रति घनमिटर रु. ३४७.८२ भएकोमा स्टीमेट अनुपात भन्दा यथार्थ अनुपात फरक भएकोले १५९१५.७५ घनमिटरको यथार्थ दर रु. २२४.६६ ले मुल्यांकन नगरी लागत दर रु. ३४७.८२ प्रति घनमिटरले १५९१५.७५ घनमिटरको रु. ५५,३५,८१६ मूल्यांकन गरी भुक्तानी गरेको छ। नापी अनुसार यथार्थ अनुपात समायोजन वदलिदा हुने प्रति घनमिटर रु. २२४.६६ ले मूल्यांकन नगरेकोले फरक दर रु. १२३.१५ दरले १५९१५.७५ घनमिटरको रु. १९,६०,१८१।७० बढी मूल्यांकन गरी भुक्तानी गरेको असुल गर्नुपर्दछ।

| | |
|---|---|
| असुल गर्नुपर्ने | १९,६०,१८१ |

४७ **सिरिखुट्टा स्याउ पकेट घेराबार वडा नं... २**

४७.१ **स्पेशिफिकेशन भन्दा फरक गरी खरिद**: सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२२(२) मा उपनियम (१) बमोजिम बिल वा बिजक प्राप्त भएपछि सार्वजनिक निकायले त्यस्तो बिल वा बिजक खरिद सम्झौतामा उल्लिखित प्रावधान बमोजिम भए नभएको जाँच गरी सो अनुरुप नभएमा सोको जानकारी सम्बन्धित आपूर्तिकर्ता, निर्माण व्यवसायी, सेवाप्रदायक वा परामर्शदातालाई तुरुन्त दिनुपर्ने व्यवस्था रहेको छ। आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(१०) मा जिम्मेवार व्यक्तिले सरकारी रकमको खर्च लेख्नु अघि त्यस्तो खर्च गर्न वा भुक्तानी दिने आवश्यक बिल, भरपाई प्रमाण र कागजात संलग्न भए वा नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रीत पुगे वा नपुगेको जाँच गर्नुपर्ने उल्लेख छ। उल्लिखित कार्यक्रम सम्पन्न गरी हिमाली जैविक कृषि बहुउदेश्यीय सहकारी संस्था लि. उपभोक्ता समितिले गो.भौ.नं. ९-२०८१।०२।१३ र गो.भौ.नं. ३७-२०८१।०३।२२ बाट क्रमश: रु.२४,४३,१५६.०० र २३,५६,८४४.०० भुक्तानी लगेकोमा सम्झौतामा उल्लेख भएअनुसार Angle Pole (40*40*6) प्रयोग गर्नुपर्नेमा Angle Pole (40*40*5) को खरिद गरी प्रयोग भएको आपूर्तिकर्ता न्यु कल्याण ग्रिल उद्योगबाट यस उपभोक्ता समितिको नाममा जारी बिजक बमोजिम देखिन आएकोले प्रयोग भएको सामानको गुणस्तर सम्झौतामा उल्लेखित प्रावधान अनुसार भएको पाईएन्। पालिकाबाट जारी नापी किताब तथा कार्यसम्पन्न प्रतिवेदनमा समेत Angle Pole (40*40*6) को प्रयोग भएको आधारमा कुल १०८८०.५० केजी खपत देखाई रु.१७,९२,०२९.३३ र सोमा मूल्य अभिवृद्धिकर समेत रु.२०,२४,९९३.०० भुक्तानी गरेको पाईयो। यसरी स्पेशिफिकेशनमा उल्लेख गरेभन्दा फरक सामान खरिद गरी प्रयोग गरेकोले Angle Pole (40*40*6) आईटमको खर्च एकिन गर्नुपर्दछ ।

४७.२ **बिजक पेश**: सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७(११) बमोजिम उपभोक्ता समिति वा लाभग्राही समुदायले निर्माण कार्य सम्पन्न गरिसकेपछि सम्बन्धित सार्वजनिक निकायले खटाएको प्राविधिक कर्मचारीबाट त्यस्तो कामको जाँचपास गराई त्यस्तो निकायबाट प्राप्त रकम र जनसहभागिताबाट व्यहोरिएको श्रम, नगद वा जिन्सी समेत कुल खर्चको विवरण सो निकायमा पेश गर्नुपर्ने व्यवस्था छ। आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(१०)मा जिम्मेवार व्यक्तिले सरकारी

रकमको खर्च लेख्नु अघि त्यस्तो खर्च गर्न वा भुक्तानी दिन आवश्यक बिल, भरपाई, प्रमाण र कागजात संलग्न भए वा नभएको तथा संलग्न कागजात अनुसार भूक्तानी दिन रीत पुगे वा नपुगेको जाँच गर्नुपर्ने उल्लेख छ। सिरिखुट्टा स्याउ पकेट घेरबारका लागि हिमाली जैविक कृषि बहुउद्धेश्यीय सहकारी संस्था लि. उपभोक्ता समितिले सम्झौतामा उल्लेख भएबमोजिम 2*2 12swg wire mesh chainlink Barbed wire fencing of 1.21m(4ft) १२४४४.८५ के.जी. खरिद गरी जडान गरेको आधारमा गो.भौ.नं. ९-२०८१।०२।१३ र गो.भौ.नं. ३७-२०८१।०३।२२ बाट रु. ९,३३,८६१.५४ दरले रु.१८,६७,७२३.०९ भुक्तानी भएको पाइएकोमा फाईलमा संलग्न सिद्धार्थ हार्डवेयर एण्ड सप्लायर्स प्रा.लि. रुकुमकोट शाखाबाट जारी बिजक नं. २३७७-२०८०।११।३०, २७३५-२०८०।१२।२३ र २७९०-२०८०।१२।२६ बाट कम्पाउण्ड जाली ७,०३१.५० के.जी. मात्र खरिद गरेको देखिएकोले सम्झौता बमोजिम कम जाली खरिद भएको ५४१३.३५ के.जी. को प्रति केजी भूक्तानी भएको दर १५०.०८ ले हुने रु.८,१२,४३५.०० असुल गर्नुपर्ने रु.

| क्रम | कर्मचारीको नाम | असुली रकम |
|---|---|---|
| ४७.२.१ | सिरिखुट्टा | ८१२,४३५ |

| | |
|---|---|
| असुल गर्नुपर्ने | ८,१२,४३५ |

### ४८ उपभोक्ता समितिको कार्यमा हेभी इक्विप्मेण्टको प्रयोग

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ को नियम उपनियम (९) मा उपभोक्ता समिति वा लाभग्राही समुदायबाट सञ्चालित हुने निर्माण कार्यमा सामान्यतः डोजर, एक्साभेटर, लोडर, रोलर, ग्रेडर जस्ता हेभी मेशिनरी प्रयोग गर्न नमिल्ने व्यवस्था छ। सो नियमावलीको प्रतिबन्धात्मक वाक्यांशमा लागत अनुमान तयार गर्दाको समयमा हेभी मेशिन प्रयोग गर्नुपर्ने जटिल प्रकृतिको कार्य भनी उल्लेख भएको रहेछ भने सम्बन्धित प्राविधिकको सिफारिशमा सार्वजनिक निकायबाट सहमति लिई त्यस्ता मेशिन प्रयोग गर्न सकिने उल्लेख छ। पालिका अन्तर्गत सञ्चालित अधिकांश सडक निर्माण तथा स्तरोन्नतिसँग सम्बन्धित योजनाका उपभोक्ता समितिहरुले डोजर, एक्साभेटर लगायतका हेभी मेशिन प्रयोग गर्ने गरेको पाइए तापनि नियमावलीको व्यवस्था बमोजिम सम्बन्धित प्राविधिकको सिफारिश गराई गाउँ कार्यपालिकाको कार्यालयबाट सहमति लिएको पाइएन। यसका केही उदाहरणहरु. यसप्रकार रहेका छन :

| सि.नं. | उपभोक्ता समितिको नाम | कामको विवरण | भुक्तानी रकम | प्रयोग गरेको हेभी उपकरण | हेभी उपकरणमा भएको खर्च |
|---|---|---|---|---|---|
| १ | युवा विकास केन्द्र | सडक निर्माण | ५०,५४,४३० | डोजर, एक्साभेटर,ब्रेकर | ५०,५४,४३० |
| २ | हुकाम काजरजंग पेल्मा पर्यटन सडक निर्माण खण्ड(ख) उपभोक्ता समिति | सडक निर्माण | ५३,४५,५७० | डोजर, एक्साभेटर,ब्रेकर | ५३,४५,५७० |
| ३ | हुकाम मैकोट सडक निर्माण उपभोक्ता समिति | सडक निर्माण | ४८,००,००० | डोजर, एक्साभेटर,ब्रेकर | ४८,००,००० |
| ४ | गर रन्मा सडक उपभोक्ता समिति | सडक निर्माण | ४८,००,००० | डोजर, एक्साभेटर,ब्रेकर | ४८,००,००० |
| ५ | तातोपानी सडक तथा मुहान संरक्षण निर्माण उपभोक्ता समिति | सडक निर्माण | ४७,४०,००० | डोजर, एक्साभेटर,ब्रेकर | ४७,४०,००० |
| **जम्मा भुक्तानी** | | | | | **२,४७,४०,०००.००** |

४९ **सीमा भन्दा बढीको कार्य**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७(१) मा रु.१ करोडसम्म लागत अनुमान भएको सोही आर्थिक वर्ष भित्र सम्पन्न गर्न सकिने निमार्ण कार्य मात्र सम्बन्धित उपभोक्ता समितिबाट गराउन सकिने तथा उक्त लागतमा मूल्य अभिवृद्धि कर, ओभरहेड, कन्टिन्जेन्सी अंश समेतको रकम समावेश हुने व्यवस्था छ। कार्यालयले मूल्य अभिवृद्धि कर, ओभरहेड, कन्टिन्जेन्सी नजोडी तपसिल बमोजिम लागत अनुमान बनाउँदा ऐनको प्रावधान विपरित सीमा नाघेको रु.३२,२१,८५५.०० नियमसम्मत नदेखिएको रु..

| **उपभोक्ता समितिको नाम** | **सम्झौता मिति** | **स्वीकृत लागत अनुमान रु..** | **लागत अनुमान (कन्टेन्जेन्सी, ओभरहेड र भ्याट समेत)** | **सीमा नाघेको रकम रु..** |
|---|---|---|---|---|
| युवा विकास केन्द्र | २०८०।१०।१० | ८६,६९,७२८ | १,१४,४४,०४१ | १४,४४,०४१ |
| हुकाम काजरजंग पेल्मा पर्यटन सडक निर्माण खण्ड(ख) उपभोक्ता समिति | २०८०।१०।२१ | ८९,२३,५८७ | १,१७,७७,८१४ | १७,७७,८१४ |
| **जम्मा रु.** | | | | **३२,२१,८५५** |
| | | | अनियमित भएको | ३२,२१,८५५ |

५० **१ वडा १ विद्यालय स्मार्ट कक्षा सञ्चालन तथा व्यवस्थापन**

५०.१ **अनुदानमा नियमको पालना:** यस कार्यालयले १४ विद्यालयलाई स्मार्ट कक्षा सञ्चालनको लागि गो.भौ.नं. ५-२०८०।०६।२९ बाट रु.२४,५४,२७९.०० अनुदान उपलव्ध गराएकोमा प्राप्त फाँटवारी अनुसार अनुदानबाट गरिएको खरिदमा सार्वजनिक खरिद ऐन २०६३ र सार्वजनिक खरिद नियमावली २०६४ को पालना नगरी आपूर्तिकर्ता क्रियटिभ एडुनमेन्ट प्रा.लि.सँग सोझै खरिद गरेको देखियो। यसमा सुधार गर्नु पर्दछ।

५०.२ जिन्सी दाखिला: आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली,२०७७ को नियम ९५(१) मा आफनो कार्यालयमा रहेको र खरिद गरी वा नगरी, कुनै प्रकारले हस्तान्तरण भई वा वस्तुगत सहायता वा अन्य कुनै प्रकारबाट प्राप्त हुन आएको सम्पत्ति तथा जिन्सी मालसामानको विवरण र मूल्य समेत खुलाई सम्पत्ति तथा जिन्सी किताबमा सात दिनभित्र आम्दानी बाँध्नुपर्ने व्यवस्था छ। कार्यालयले १४ सामुदायिक विद्यालयहरुलाई अनुदान दिएकोमा विद्यालयहरुले आपूर्तिकर्ता क्रियटिभ एडुनमेन्ट प्रा.लि.सँग सम्झौता गरी खरिद गरेका विभिन्न सामाग्रीहरुको विवरण खुल्ने गरी अभिलेख नराखी सो वापत कार्यालयले गो.भौ.नं. ५-२०८०।०६।२९ बाट रु.२४,५४,२७९.०० बजेट खर्च लेखी भुक्तानी दिएकोमा सम्बन्धित विद्यालयले आफनो जिन्सी खातामा आम्दानी बाँधेको प्रमाण पेश गर्नुपर्दछ।

५१ **कन्टिन्जेन्सी खर्च**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १० को उपनियम(७) सँग सम्बन्धित अनुसूची १ मा निर्माण कार्यको लागत अनुमान तयार गर्दा वर्क चार्ट र स्टाफ खर्चको लागि २ प्रतिशत र अन्य सानातिना खर्चको लागि २ प्रतिशत कन्टिन्जेन्सी खर्च गर्न सकिने व्यवस्था छ। पालिकाबाट योजना कार्यान्वयन गर्ने क्रममा प्रत्येक कार्यक्रम खर्चबाट ३ प्रतिशतका दरले बिलबाट यस्तो रकम कट्टी गर्ने गरेको छ। यसरी कट्टी गरेको रकमको कार्यक्रमगत कन्टिन्जेन्सी खर्चको अभिलेख खडा गरी राख्नु पर्नेमा राख्ने गरेको छैन।

५२ **कन्टिन्जेन्सी खर्च भुक्तानी:**

सार्वजनिक खरिद नियमावलीको नियम १०(७) मा निर्माण कार्यको लागत अनुमान तयार गर्ने ढाँचा अनुसुची १ मा व्यवस्था रहेको छ। कन्टिन्जेन्सी खर्च गर्ने सन्दर्भमा सम्बन्धित मन्त्रालय वा केन्द्रीय निकायबाट कार्यविधी स्वीकृत गराई गर्नुपर्ने व्यवस्था छ। कार्यालयले तपसिल बमोजिमका कार्यक्रमबाट कट्टी गरेको कन्टिन्जेन्सी खर्च रु.२४,४०,०००.०० गाँउपालिका कार्यापालिका भवन मर्मत तथा

निर्माण उपभोक्ता समितिलाई भुक्तानी गरेको पाईएकोले कार्यालयले नियममा भएको व्यवस्था बमोजिम तोकिएको कार्यमा मात्र कन्टिन्जेन्सी खर्च गर्नु पर्दछ।

| कार्यक्रम | गो.भौ.नं. र मिति | रकम रु. |
|---|---|---|
| ठुलोगैरा- बजुवा- पेल्मा पदमार्ग वडा नं... २ | ८-२०८१।०२।०९ | ४०,००० |
| पानचौर खेलमैदान निर्माण वडा नं... १४ | ८-२०८१।०२।०९ | ४०,००० |
| हिमालय आधारभूत विद्यालय पेल्मा फिल्ड निर्माण तथा घेराबार पुथाउत्तरगङ्गा वडा नं... २ | ८-२०८१।०२।०९ | ८०,००० |
| स्वास्थ्य चौकी भवन निर्माण, पुथा १० | ८-२०८१।०२।०९ | ६०,००० |
| जनप्रिय आधारभूत विद्यालय घुम्लीबाङ ग्याविन वाल तथा फिल्ड निर्माण वडा नं... ११ | ८-२०८१।०२।०९ | ६०,००० |
| सिरिखुट्टा स्याउ पकेट घेराबार वडा नं... २ | ८-२०८१।०२।०९ | २००,००० |
| गर- रन्मा सडक निर्माण वडा नं... ५-३ | ८-२०८१।०२।०९ | २००,००० |
| डिम्मुरगैरा तातापानी सडक निर्माण तथा संरक्षण वडा नं... ६ | ८-२०८१।०२।०९ | २००,००० |
| हुकाम- मैकोट सडक निर्माण वडा नं... ५-१ | ८-२०८१।०२।०९ | २००,००० |
| रु.कुम पूर्व जिल्ला रु.कुमकोट पुथा उत्तरगङ्गा १ मैकोटमा एकिकृत वस्ती विकास तथा पुर्वाधार निर्माण | ११-२०८१।०२।०९ | ६०,००० |
| पूर्व रु.कुम जिल्लाको पुथाउत्तरगङ्गा गा. पा. ३ रन्मा तातो पानी संरक्षण र सौन्दर्यीकिकरण | ११-२०८१।०२।०९ | १२०,००० |
| पूर्व रु.कुम जिल्ला पुथाउत्तरगङ्गा गा. पा. १०, तकसेरा वस्तीमा पुर्वाधार निर्माण | ११-२०८१।०२।०९ | १००,००० |
| हुकाम काजरजग पेल्मा सडक निर्माण वडा ५ र २ | ११-२०८१।०२।०९ | ६००,००० |
| **जम्मा** | | **१९,६०,०००** |

५३ **प्रशासकीय भवन निर्माण**

५३.१ प्रशासकिय भवन रु. ६ करोड २९ लाख ४१ हजारको लागत अनुमान भएको भवन खुला बोलपत्र घटाघट गराउदा रु. ५ करोड १४ लाख ५९ हजार अर्थात १८.२४ प्रतिशतको घटी लागतमा मिति २०८०।३।२९ देखि २०८२।०३।२९ सम्म सम्पन्न गर्ने गरी ठेगेदार कालापानी देवहरी जलकी जे.भि. सँग मिति २०८०।३।२९ मा निर्माण सम्झौता भएको पाइयो। कार्यालयले यो वर्षसम्म देहाय बमोजिम बिल भुक्तानी गरेको पाइयो।

| गो.भौ.नं. | बिल | खर्च रकम |
|---|---|---|
| ४।०८०।६।१७ | प्रथम | ५८९७६१८ |
| १५।०८०।७।२३ | दोश्रो | ५५७६१८ |

माथिको तालिका बमोजिम यो वर्षसम्म प्रशासकीय भवन निर्माण तर्फ सम्झौता करिब २२.८५ प्रतिशत वित्तीय प्रगती देखियो। समयावधि भित्र नै कार्यसम्पन्न गर्न थप पहल गर्नुपर्ने देखिन्छ। लेखापरीक्षणको समय २०८१।५।१३ पहिलो तला ढलानको तयारी भइरहेको अवस्था छ।

५३.२ **पेश्की भुक्तानी:** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५२(क) खरिद सम्झौता रकमको २० प्रतिशतमा नबढ्ने गरी पेश्की दिन सक्ने व्यवस्था रहेको छ। पहिलो पटकमा स्वीकृत पेश्की रकमको आधामा नबढ्ने गरी बाँकी रकम कार्य प्रगतीको आधारमा पेश्की दिन सकिने व्यवस्था छ। पालिकाले मू.अ.कर बाहेक रु. ५,१४,५९,६६९ सम्झौता गरेकोमा सोको २० प्रतिशतले हुने रु. १,०२,९१,९३३।८२ पेश्की दिनुपर्नेमा रु. १,१७,९५,२३६ पेश्की दिएकाले निर्माण सम्झौता भन्दा रु. १५,०३,३०२।२० बढी पेश्की दिएको बार्षिक १० प्रतिशत व्याज समेत अशुल गर्नुपर्ने रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | १५,०३,३०२ |

५३.३ **कार्यप्रगती**: पहिलो पटकको रु.५१,४५,९६६।९० पेश्कीको कार्यप्रगतिको आधारमा दोस्रो रु. ५१,४५,९६६।९० भुक्तानी दिनुपर्नेमा कार्यालयले कार्यप्रगती नलिएको, पेश्कीको अलग खाता नखोलेको र कुल पेश्की खर्चको प्रयोजन विवरण अध्यावधिक गरेको पाईएन। पेश्की सम्बन्धित काममा प्रयोग भएको नपाइएमा अग्रिम बैंक जमानत जफत हुने व्यवस्था भएकाले रु. १,१७,९५,२३६ बाट भएको कामको विवरण अध्यावधिक गरी पेश हुनुपर्दछ ।

५४ **पन्ध्र शैयाको अस्पताल**

५४.१ अस्पताल भवन निर्माणको मू.अ.कर बाहेक रु. १७,११,२१,२३६ लागत अनुमान तयार गरी ठेक्का नं.. ९।०८०।८१ ठेक्का रु. १६,६६,६६,८२५ मु.अ.कर र पिएस बाहेक मिति २०८२।०७।०३ मा सम्पन्न गर्ने गरी मिति २०८०।७।३ मा कार्यादेश दिएको देखिन्छ। कार्यादेश पश्चात आ.व ०८०।८१ मा नै रु. ३,८९,०८,७०२।०६ पेश्की भुक्तानी भएको छ ।
कुल लागत रु. २३,०६,१३,६३२ र मध्ये नेपाल सरकारको रु. १८,०६,००,००० र कार्यालयको रु. ५,००,१२,६३२ समेतको स्रोतबाट निर्माण सम्पन्न गर्ने लक्ष्य रहेकोमा स्रोत सुनिश्चितता नभएकाले स्थानीय पूर्वाधार विभागसँग स्रोत सम्बन्धमा मिति २०८०।१२।९ मा बजेट सुनिश्चितताको लागि ताकेता गरेको पाइयो। यो वर्ष खर्च भएको पाइएन। कूल कामको २० प्रतिशत पेश्की लगेर ५ प्रतिशत मात्र काम गर्नु उचित देखिएन ।

५४.२ **पेश्की भुक्तान**

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१०-६** को निर्णयले रू **५,५७५,३३७** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| असुल गर्नुपर्ने | ० |

५४.३ ठेक्काको पूर्वतयारी: सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ६(३) मा निर्माण स्थल र बजेट सुनिश्चितता नभई बोलपत्र प्रकृया सुरु गर्न हुँदैन। पालिकाले बजेट स्रोत सुनिश्चित नगरी रु. २३ करोड ५६ लाख ४६ हजारको बोलपत्र प्रकृया अघि वढाउदा कामले गति लिएको छैन।

५४.४ **कार्यप्रगती** : पहिलो पेश्की दिएको कार्य प्रगतीको आधारमा अलग बैकं खातामा भुक्तानी गरी पेश्की प्राप्त गरेको ३० दिनमा कार्य प्रारम्भ गर्नुपर्दछ। पेश्की खर्च प्रयोजन विवरण अध्यावधिक गराउनु पर्छ। पेश्की तोकेको काममा प्रयोग नभएको पाइएमा अग्रीम बैकं जमानत जफत हुने व्यवस्था छ। पालिकाले गत वर्ष रु. ३,८९,०८,७०२।६० पेश्की भुक्तानी गरेकोमा पेश्की उपयोगको विवरण अध्यावधिक भएको देखिएन र पेश्की तोकिएको काममा उपयोग भएको अभिलेख साथै बजेट अभावले काम शुरु नभएको जानकारी भयो सो पेश्की फिर्ता लिनु पर्ने अवस्था छ। पेश्की पाएको ३० दिन भित्र कार्य सुरु नभएकोले २०८२।७।१३ सम्म कार्य सम्पन्न हुने देखिदैन ।

५४.५ **पन्ध्र शैयाको अस्पताल:** अस्पताल निर्माण गर्न ०७८।११।६ मा सूचना गरी बोलपत्र छनौट गर्दा निर्माण व्यवसायीले अस्लार मेशिनरीको फर्जी कागजात पेश गरी मु.अ.कर बाहेक रु. २१,३२,८२,००० मु.अ.कर बाहेकको सारभूत प्रभावग्राही ठेक्का मिति २०८०।३।२८ को गाँउपालिकाको वैठकले निर्णय गरी पून प्रकृयामा जाँदाको अवस्था देहाय बमोजिम देखियो ।

रु. हजारमा

| विषय | मू.अ.कर समेत पुराना | मू.अ.कर समेत नयाँ | मू.अ.कर समेत फरक |
|---|---|---|---|
| लागत अनुमान | ३०२६९० | २३५६४६ | ६७०४४ |
| ठेक्का स्विकृत | २५१६१० | १९४५७७ | ५७०३३ |

माथिको तालिकामा अघिको ठेक्का र पछिको ठेक्काको डिजाइन फरक नभएकोमा लागत अनुमान फरक पर्नाको कारण देखिदैन । लागत फरक पर्नाको कारण पेश गर्नुपर्दछ।

५४.६ शर्त कार्यान्वयन: सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५२ मा सम्झौताको कार्यक्षेत्र, लिखतहरुको विवरण र प्राथमिकता क्रम, कार्यसम्पादन तालिका, सम्झौताको रकम आवश्यक कागजात, बोलपत्र सम्बन्धी कागजात, प्रस्ताव सम्बन्धी कागजात, शर्त समावेश गरी सम्झौता गर्नुपर्छ। सम्झौताको शर्त बमोजिम कार्यसम्पादन तालिका अनुकूल हुने गरी कार्यसम्पादन गर्नुपर्छ। अस्पताल निर्माणको रु. १६,६६,६६,८२५ को मात्र ५० प्रतिशत समय व्यथित हुँदा समेत ५ प्रतिशत प्रगति भएको पाइएकोले तोकिएको समयमा सकिने अवस्था छैन। ठेकेदारले आफुले पाएको काम जेभीको संयुक्त सहभागितामा संलग्न गरी सम्पादन गरी हस्तान्तरण गर्ने व्यवस्था हुन जरुरी छ ।

## ५५ हुकाम काजरजङ्ग पोल्मा सडक निर्माण वडा ५ र २

**योगदान गर्नुपर्ने**: समपूरक अनुदान सम्बन्धी कार्यविधि, २०७५ को बुँदा ६(१) मा नेपाल सरकारले प्रदेश वा स्थानीय तहलाई कुल लागतको अधिकतम ५० प्रतिशतसम्म रकम समपुरक अनुदान प्रदान गर्न सक्ने व्यवस्था छ। हुकाम काजरजङ्ग पोल्मा सडक निर्माण वडा ५ र २ योजनाको लागि सङ्घीय सरकार बाट समपुरक योजना अन्तर्गत रु. ८० लाख बजेट विनियोजन भएकोमा सुत्र प्रणालीको विवरण अनुसार उक्त योजनाको रु. १,१०,५५,००० खर्च भएकोमा पालिकाको श्रोत बाट रु. ३०,५५,००० र सङ्घीय समपुरक अनुदान शीर्षक बाट रु. ८०,००,००० भुक्तानी दिएको छ। उक्त योजनाको पालिकाबाट कम्तिमा ५० प्रतिशत अर्थात रु. ५५,२७,५०० भुक्तानी दिनुपर्नेपमा कम खर्च भएको रकम सङ्घीय संचित कोष दाखिला गर्नुपर्ने रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | २४,७२,५०० |

## ५६ पेश्कि बाँकीको विवरण

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ५० मा पेश्की दिईएको रकम तोकिएको म्याद भित्र फर्स्यौट गर्नु गराउनु पेश्की लिने दिने दुवै थरिको कर्तव्य हुने उल्लेख छ । पालिकाले निम्न कर्मचारी तथा संस्थालाई दिएको पेश्की आर्थिक वर्षको अन्त्यसम्म फस्यौंट नभई म्याद नाघेको पेश्की रु.१२७५५२३६ बाँकी रहेको देखिन्छ उक्त पेश्की नियमानुसार फस्यौंट गर्नुपर्ने रु...

| कर्मचारी पेश्की | | | | |
|---|---|---|---|---|
| पेश्की लगेको गो भौ नं | नाम | पद | प्रयोजन | पेश्की लगेको रु |
| १७।०८०।६। ३० | अर्जुन सेन | सहायक | श्रमको सम्मान राष्ट्रको अभियान सम्बन्धी क्रियाकलाप संचालन | ५०००० |
| १७।०८०।६। ३० | अर्जुन सेन | सहायक | रोजगार सेवा केन्द्रको लागी मसलन्द खर्च | ५०००० |
| ७३।०८०।६। ३० | कर्म प्रसाद शाही | कार्यालय सहायक | वडा कार्यालय प्रशासनिक खर्च | २००००० |
| १०७।०८०।७। २३ | सिता कुमारी गौचन | कार्यालय सहायक | वडा कार्यालय व्यवस्थापन तथा प्रशासनिक खर्च | १००००० |
| १६१।०८०। १०।२२ | केशरमान जि.एम. | कार्यालय सहायक | वडा कार्यालय प्रशासनिक खर्च | १००००० |
| कर्मचारी पेश्की जम्मा रु | | | | ५००००० |
| उपभोक्ता समितिको पेश्की | | | | |
| ४२०।०८१।३। २३ | बल्खु संस्कृतिक तथा मौलिक रैथाने महोत्सव २०८१ | | आदिवासी जनजाति लक्षित कार्यक्रम ( भूम्या पर्व तथा मगर दिवस) | ५००००० |
| ठेकेदार पेश्की | | | | |
| ४।०८०।६।१७ | कालापानी - देवहरी - जलाकी जे । भि । | | गा.पा. प्रशासनिक भवन निर्माण | ५८९७६१८ |
| १५।०८०।७। २३ | कालापानी - देवहरी - जलाकी जे । भि । | | गा.पा. प्रशासनिक भवन निर्माण | ५८५७६१८ |
| ठेकेदार पेश्की जम्मा रु | | | | ११७५५२३६ |
| कुल जम्मा पेश्की रु | | | | १२७५५२३६ |

| | |
|---|---|
| पेश्की | १,२७,५५,२३६ |

# अनुसूचीहरू

## अनुसूची - १

## आर्थिक कारोबारको स्थिति

आर्थिक बर्ष: २०८०/८१

कार्यालय र स्थान : पुथा उत्तरगँगा गाउँपालिका , पुथा उत्तरगंगा गाउँपालिका , रुकुम पूर्वि भाग

| पद | नाम | कार्यकाल सुरु मिति | कार्यकाल समाप्त मिति |
|---|---|---|---|
| लेखा प्रमुख | डम्बर बहादुर सुनार | २०८०-४-१ | हाल सम्म कार्यरत |

बेरुजु वर्गीकरण:

| असूल गर्नुपर्ने | अनियमित भएको | प्रमाणका कागजात पेश नभएको | जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा पेश्की |
|---|---|---|---|---|---|
| ११,८६०,७९६ | २१,५६१,७९२ | ११,०८६,६०२ | ० | ० | १२,७५५,२३६ |
| | | | | **प्रारम्भिक प्रतिवेदनबाट देखिएको बेरुजू रु.** | ५७,२६४,४२६ |
| | | | | **प्रारम्भिक प्रतिवेदन उपर फछ्र्यौट गरी संपरीक्षण भएको रकम रु.** | ५,५७५,३३७ |
| | | | | **संपरीक्षणबाट थप भएको बेरुजू रु.** | ० |
| | | | | **लेखापरीक्षण प्रतिवेदनमा कायम बेरुजू रु.** | ५१,६८९,०८९ |

स्थानीय तह :

| | | | |
|---|---|---|---|
| गत बर्षको जिम्मेवारी | | २१४९७८१०.५७ | |
| आम्दानी | | खर्च | |
| संघीय सरकारबाट अनुदान | ३२९९८९००० | चालु खर्च | ३२११९६७५६.६४ |
| प्रदेश सरकारबाट अनुदान | ३०४४६७५० | पूँजीगत खर्च | १११४९६८७५ |
| राजश्व बाँडफाँट | ९५३६८११३.८ | वित्तीय/अन्य व्यवस्था | ११११५८११८.१८ |
| आन्तरिक आय | ३१३५०४६.० | | |
| अन्य आय | १०४८००५६० | | |
| कुल आय | ५६३७३९४६९.८ | कुल खर्च | ५४३८५१७४९.८२ |
| बाँकी मौज्दात | | ४१३८५५३०.५५ | |

## अनुसूची - २

## बेरूजु दफा २९ सँग सम्बन्धित विवरण - अनुसूची - ३

| क्र.स. | विद्यालयको नाम | शिक्षक तथा कर्मचारी संख्या | माग भएको रकम | निकासा रकम |
|---|---|---|---|---|
| १ | श्री पुथा हिमालय मा.वि. मैकोट | ४ | १०६८००० | ५३४००० |
| २ | श्री जनता आ.वि. पुषरगाउँ | १ | २४०००० | १२०००० |
| ३ | श्री हिमालय आ.वि. पेल्मा | २ | ५२८००० | २६४००० |
| ४ | श्री नौधारे आ वि झार्लुङ | १ | २४०००० | १२०००० |
| ५ | श्री पुथा हिमशिखर बाविक जुनाङ | १ | २०४००० | १०२००० |
| ६ | श्री बाविके रल | १ | २०४००० | १०२००० |
| ७ | श्री प्रारम्भिक बाविके यमखार | १ | २०४००० | १०२००० |
| ८ | श्री मनराज बाविके हिम | १ | २०४००० | १०२००० |
| ९ | श्री आधारभूत विद्यालय रन्मामैकोट | ३ | ७९२००० | ३९६००० |
| १० | श्री आधारभूत विद्यालय अर्जल | ४ | १०५६००० | ५२८००० |
| ११ | श्री जनज्योती आ.वि.घुन्माखोला | १ | २४०००० | १२०००० |
| १२ | श्री बालकल्याण आ.वि. काडा | १ | २४०००० | १२०००० |
| १३ | श्री देउराली मा .वि. हुकाम | ११ | २५८०००० | १२९०००० |
| १४ | श्री आ.बि गर | २ | ४८०००० | २४०००० |
| १५ | श्री नेपाल राष्ट्रिय आ.वि. काजरजङ | २ | ४८०००० | २४०००० |
| १६ | श्री बालकल्याण आ.वि. उर्ज्याङ | २ | ४८०००० | २४०००० |
| १७ | श्री खोरातिबाङ बाविके रातामाटा | १ | २०४००० | १०२००० |
| १८ | श्री जनजागृति आ.वि. मयाङ | ४ | १०३२००० | ५१६००० |
| १९ | श्री आदर्श आ.वि. डिम्मुरगैरा | १ | २४०००० | १२०००० |
| २० | श्री जनज्योति मा.वि. जाङ | ८ | २२४४००० | ११२२००० |
| २१ | श्री सानोभेरि आ.वि.खारखोला | ४ | १००८००० | ५०४००० |
| २२ | श्री जनसहयोग मा.वि.रीवाङ्चौर | ८ | १५७२००० | ७८६००० |
| २३ | श्री बालकल्याण आ.वि. घरेलिटाकुरा | २ | ४८०००० | २४०००० |
| २४ | श्री लालपाटन आ.वि. चुमा | २ | ४८०००० | २४०००० |
| २५ | श्री सिर्जनशिल बाविके खराङ | १ | २०४००० | १०२००० |

| | | | | |
|---|---|---|---|---|
| २६ | श्री सुरक्षित बाविक गराली | १ | २०४००० | १०२००० |
| २७ | श्री आदर्श मा.वि. खारावाङ | ४ | १०९२००० | ५४६००० |
| २८ | श्री वालविकास आ.वि. पुनमचौतरा | १ | २४०००० | १२०००० |
| २९ | श्री नवज्योति बाविके खारबाङ चक्टेचौर | १ | २०४००० | १०२००० |
| ३० | श्री महेन्द्र मा.वि.तकसेरा | ३ | ९१२००० | ४५६००० |
| ३१ | श्री जनप्रिय आ.वि.घुम्लीवाङ | ४ | १००८००० | ५०४००० |
| ३२ | श्री हिमालय जनजागृती आ.वि. बाच्छीगाउँ | ५ | १२९६००० | ६४८००० |
| ३३ | श्री उत्तरगङ्गा आ.वि. सेरावालुवा | ४ | १०३२००० | ५१६००० |
| ३४ | श्री दशरथ आ.वि.तुँपा | ३ | ६८४००० | ३४२००० |
| ३५ | श्री जनता आ.वि. तल्लोसेरा | २ | ४८०००० | २४०००० |
| ३६ | श्री जनजागृती आ.वि. दम्चन | १ | २४०००० | १२०००० |
| ३७ | श्री पवर्त मा.वि. कोल | ७ | १५९६००० | ७९८००० |
| ३८ | श्री जनसेवा आ.वि.गोलखाडा | २ | ४८०००० | २४०००० |
| ३९ | श्री दुर्गा आ.वि.गर्खानि | २ | ४८०००० | २४०००० |
| ४० | श्री पहाडि आ.वि.छ्मारी | १ | २०४००० | १०२००० |
| ४१ | श्री हिमालय आ.वि. ओख्मा | ५ | १२९६००० | ६४८००० |
| ४२ | श्री मृगभाल्ने बाविके | १ | २०४००० | १०२००० |
| ४३ | श्री आ.वि. पदमि | १ | २४०००० | १२०००० |
| ४४ | श्री नवशिक्षा आ.वि. खैरेखोला | २ | ४८०००० | २४०००० |
| ४५ | श्री जाजरबाङ बाविके कोल | १ | २०४००० | १०२००० |
| ४६ | श्री सिद्धमण्डली मा.वि. राङ्सी | ६ | १४१६००० | ७०८००० |
| ४७ | श्री आधारभूत विद्यालय नाखा | २ | ४८०००० | २४०००० |
| ४८ | श्री डिग्रे आ.वि. पानीचौर | १ | २४०००० | १२०००० |
| ४९ | सिर्जनशिल बाविके काफलधारा | १ | २०४००० | १०२००० |
| | जम्मा | १२९ | ३१६२००० | १५८१०००० |

## सुझाव

स्थानीय तहहरूद्वारा प्रदान गरिने सेवालाई छिटो, सरल, सुलभ र गुणस्तरीय बनाई स्थानीय जनताको जीवनस्तरमा सुधार ल्याउन यस स्थानीय तहले कानुन तथा नीति निर्माण, साधन स्रोतको प्रभावकारी परिचालन, विकास प्रशासन, राजस्व परिचालन, नियमित सेवा प्रवाह, आर्थिक प्रशासन लगायतका विषयमा तपसिल अनुसारका सुधार गर्नुपर्दछः

- वित्तीय हस्तान्तरण र राजस्व बाँडफाँटबाट प्राप्त हुने रकम सम्बन्धित मार्गदर्शनमा तोकिएबमोजिम विनियोजनमा कुशलता, कार्यान्वयनमा दक्षता र अपेक्षित नतिजा प्राप्त हुने गरी बजेट विनियोजन गर्नुपर्दछ।
- आन्तरिक आयका क्षेत्रहरू पहिचान गरी आन्तरिक आय वृद्धि गर्नुपर्दछ।
- नेपालको संविधानको धारा ५९ को उपधारा ७ मा स्थानीय तहको बजेट घाटा व्यवस्थापन तथा अन्य वित्तीय अनुशासन सम्बन्धी व्यवस्था संघीय कानुन बमोजिम हुने उल्लेख भएकोमा स्थानीय तहले कानुन निर्माण गर्दा संघीय कानुनसँग सामाञ्जस्यता कायम नगरेकोले यसमा सुधार हुनुपर्दछ ।
- स्थानीय तहका पदाधिकारी तथा सदस्यहरूको सुविधा सम्बन्धी ऐन अनुसार मात्र पदाधिकारीलाई तोकिएको सुविधा व्यवस्था गर्नुपर्दछ। निर्वाचित हुने पद बाहेक राज्यकोषबाट तलव सुविधा बेहोर्ने गरी नियुक्त हुने सबै पदमा योग्यता र मापदण्ड तोकिनुपर्दछ ।
- स्थानिय सेवा ऐन र नियम अनुसार सङ्गठन तथा व्यवस्थापन सर्वेक्षणको आधारमा सङ्गठन संरचना निर्माण गरी स्थायी पद सिर्जना, पद दर्ता र पदपूर्ति गरी कर्मचारी व्यवस्थापन गर्नुपर्दछ।
- भौगोलिक अवस्था, स्रोतको उपलब्धता, सेवा प्रवाहको अवस्थासमेतका आधारमा कानुन बमोजिम जनशक्ति व्यवस्थापन गर्नुपर्दछ । पदाधिकारी तथा कर्मचारीहरूको क्षमता विकास गरी कार्यसम्पादनमा प्रभावकारिता ल्याउन प्रशिक्षण तथा तालिमको व्यवस्था गर्नुपर्दछ।
- अनुदान दिने विषय, क्षेत्र, वर्ग, समूहबारे कानुनबाट नै स्पष्ट गरी अन्तिम प्रयोगकर्तालाई प्रत्यक्ष फाइदा पुग्ने तथा उत्पादन र उत्पादकत्वमा वृद्धि हुने गरी अनुदान प्रदान गर्नुपर्दछ । अति विपन्न र न्यून आय वर्गलाई सेवामा पहुँच दिन प्रदान गरिने सुविधा सोही वर्गमा पुगेको सुनिश्चित गर्न सो प्राप्त गर्नेको विवरण सार्वजनिकीकरण गर्नुपर्दछ ।
- व्यावसायिक प्रकृतिको संस्थाहरूलाई पुँजीगत अनुदान प्रदान गर्दा लाभग्राहीले प्राप्त गर्ने लाभको सुनिश्चितता हुनुपर्दछ । यस्ता संस्थाहरु विघटन भएमा बाँकी सम्पत्ति लगानीको अनुपातमा फिर्ता हुने सुनिश्चितता हुन पर्दछ। यस्तो निर्माण व्यक्तिगत स्वामित्व रहेको जग्गा वा सम्पत्तिमा गरिनु हुँदैन ।
- एउटै प्रकृतिको काममा समेत लागत अनुमान टुक्र्याई सोझै खरिद गर्ने, पूर्वानुमान गर्न सकिने अवस्थामा पनि लागत अनुमान यथार्थपरक तवरले तयार नगरी भेरिएसनबाट थप कार्य गराउने प्रवृत्तिमा नियन्त्रण गर्नुपर्दछ।
- खरिद सम्झौताको निर्धारित समयमा ठेक्काको काम सम्पन्न गर्नुपर्दछ। म्याद थप कार्यलाई वस्तुनिष्ठ र तथ्यमा आधारित बनाउनुपर्दछ। निर्माण व्यवसायी वा उपभोक्ताबाट भएको निर्माण कार्यको विस्तृत विवरण देखिने गरी तोकिएको ढाँचामा अभिलेख राख्नुपर्दछ।
- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८(५) बमोजिम स्थानीय तहले सार्वजनिक सेवा प्रवाहलाई पारदर्शी, उत्तरदायी र जवाफदेही बनाउन सार्वजनिक तथा सामाजिक परीक्षण र सार्वजनिक सुनुवाइ गर्नुपर्दछ।
- स्थानीय तहले आन्तरिक आयको परिधिभित्र रही मापदण्डका आधारमा आर्थिक सहायता वितरण गरी प्राप्त गर्नेको नाम सार्वजनिक गर्नुपर्दछ। त्यसैगरी अनुत्पादक र वितरणमुखी कार्यक्रममा गरिने खर्च घटाउनुपर्दछ।
- आधारभूत तथा माध्यमिक तहका विद्यालयहरूमा प्रचलित नियमले तोकेअनुसार शिक्षक विद्यार्थी अनुपातको आधारमा शिक्षक संख्या कायम गरी बढी भएका शिक्षकहरू समायोजन गर्नुपर्दछ।
- बजेट तर्जुमा पूर्व नै अनुमान गर्न सकिने शीर्षकमा समेत अर्थ विविध वा अबण्डामा बजेट राख्ने र वर्षान्तमा रकमान्तर गरी खर्च गर्ने परिपाटी नियन्त्रण गर्नुपर्दछ।
- पूर्व तयारीका कार्य सम्पन्न भएका आयोजनामा मात्र बजेट विनियोजन गर्नुपर्दछ। स्रोतको सुनिश्चितताबेगरका कार्यक्रम/ आयोजनामा आगामी वर्षको लागि दायित्व सिर्जना गरी भुक्तानी बाँकी राख्ने

कार्यमा नियन्त्रण गर्नुपर्दछ।

- कार्यालय तथा अस्पताल भवन, सडक, सिँचाइ, खानेपानी जस्ता आयोजनाहरू कार्यान्वयन गर्दा स्पेसिफिकेशनले तोकेको संख्यामा निर्माण सामग्रीहरूको गुणस्तर परीक्षण गराउनुपर्दछ। साथै रनिङ्ग बिलसाथ गुणस्तर परीक्षण प्रतिवेदन संलग्न गरेर भुक्तानी दिनुपर्दछ।
- जटिल प्रविधि तथा उपकरणको प्रयोग हुने निर्माण कार्य र सामग्री खरिद गर्ने कार्य समेत उपभोक्ता समितिबाट गराएकोले सोमा नियन्त्रण हुनुपर्दछ ।
- कृषि, पशु, सहकारी संस्था लगायतलाई विभिन्न प्रयोजनमा अनुदान उपलब्ध गराउँदा किसानको सूचीकरण, वर्गीकरण, परिचयपत्रको व्यवस्था गरी तीनै तहको समन्वयमा दोहोरो नपर्ने व्यवस्था गर्दै एकीकृत विद्युतीय अभिलेख राखी वितरण गर्नुपर्दछ। नाफामूलक संस्थालाई अनुदान वितरण गर्नु हुँदैन।
- सहकारी तथा गरिबी सम्बन्धी व्यवस्थापन सूचना प्रणाली (कोपोमिस) तथा विद्यमान सहकारी ऐन तथा नियमको आधारमा सहकारी संस्थाहरूको सुपरिवेक्षण गरी उक्त ऐन नियम अनुसार सञ्चालन भए नभएको सुनिश्चित गर्नुपर्दछ।
- आन्तरिक नियन्त्रण प्रणाली कार्यविधि तयार गरी कार्यसम्पादनलाई मितव्ययी, पारदर्शी र व्यवस्थित गर्नुपर्दछ। अन्तिम लेखापरीक्षण अगावै आन्तरिक लेखापरीक्षण सम्पन्न गरी सोबाट देखिएका बेहोरा जिम्मेवार व्यक्तिले फस्र्यौट गर्नुपर्दछ।
- वित्तीय अनुशासन कायम गर्न लेखापरीक्षण प्रतिवेदनको सार्वजनिकीकरण तथा बेरुजु फस्र्यौटको कानुनी व्यवस्था एवं संयन्त्र तय गरिनुपर्दछ । लेखा समितिको कार्यसञ्चालन सम्बन्धी कानुन तर्जुमा गरी सो समितिलाई प्रभावकारी बनाई बेरुजु फस्र्यौट कार्यलाई व्यवस्थित बनाउनुपर्दछ।
- सरकारी पेश्की बाँकी रहेकालाई सार्वजनिक पदमा नियुक्ति नगर्ने तथा निर्वाचित हुने पदको हकमा उम्मेदवार हुन वञ्चित गर्ने एवं म्याद नाघेको पेश्कीको विवरण सार्वजनिक निकायले आर्थिक वर्ष समाप्त भएको ७ दिनभित्र सार्वजनिकीकरण गर्ने कानुनी व्यवस्था हुनुपर्दछ ।
- सार्वजनिक पदमा रहेका व्यक्तिको नाममा असुल गर्नुपर्ने बेरुजु कायम रहेकोमा सो फस्र्यौट नगरुञ्जेल वृत्ति विकासमा रोक्का गर्ने तथा नयाँ नियुक्ति नहुने कानुनी व्यवस्था गर्नुपर्दछ ।
- सार्वजनिक पदमा रहेका व्यक्तिको नाममा बेरुजु कायम भएमा सो व्यक्तिलाई उक्त बेरुजुबारे समयमै जानकारी गराउनुपर्ने र जानकारी नगराउने कर्मचारी उपर विभागीय कारबाही गर्ने कानुनी व्यवस्था गर्नुपर्दछ ।
- जिन्सी सामग्री, यन्त्र उपकरण तथा औजारहरु आवश्यकता र औचित्यका आधारमा खरिद गरी उपयोगको सुनिश्चितता हुनुपर्दछ ।मौज्दातमा रहेका यन्त्र, उपकरण र औजार मर्मत सम्भार गरी उपयोग हुन नसक्ने अवस्था एकीन गरेर मात्र खरिद गर्नुपर्दछ ।
- जुनसुकै तरिकाले प्राप्त गरेको जिन्सी एवं सार्वजनिक सम्पत्तिको अभिलेख अनिवार्य रूपमा सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणाली (पाम्स) मा अभिलेख राख्नुपर्दछ।
- सार्वजनिक खरिद ऐन, २०६३ को दफा २९ अनुसार कार्यालयको जनशक्तिले गर्न नसक्ने कामको लागि मात्र परामर्श सेवा खरिद गरी परामर्शदाता माथिको निर्भरता कम गर्नु पर्दछ । तयार गरिएका विस्तृत आयोजना प्रतिवेदन लगायतका प्रतिवेदनहरू क्रमिक रुपले कार्यान्वयन गर्नुपर्दछ।
- सरकारी डिजिटल सेवाहरूको गुणस्तर, पहुँच र विश्वसनीयता बढाउन सेवा स्तर सम्झौता तथा गोपनीयता सम्झौता अनिवार्य गर्नुपर्दछ। एकै प्रकारको कामको लागि निकायगतरूपमा अलग - अलग सूचना प्रविधि प्रणाली खरिद गर्ने कार्यमा नियन्त्रण हुनुपर्दछ।
- सेवा प्रवाहको प्रभावकारिता लागि नागरिक सचेतना वृद्धि कार्यक्रम गर्नुका साथै नागरिकबाट पृष्ठपोषण प्राप्त गर्ने विधि अवलम्बन गर्नुपर्दछ। समयको उपलव्धता एवं सेवा खरिद गर्ने सामर्थ्य सहितको सेवा प्रवाह तय गरिनुपर्दछ ।
- आन्तरिक लेखापरीक्षण भएकोमा प्रतिवेदनमा उल्लिखित बेहोरा कार्यान्वयन नहुँदा आन्तरिक लेखापरीक्षण प्रभावकारी देखिँदैन। आन्तरिक लेखापरीक्षणलाई प्रभावकारी बनाउनुपर्दछ।
- निर्माणाधिन अस्पताल तथा प्रशासकीय भवन समयमै सम्पन्न गरी हस्तान्तरण गर्नुपर्दछ ।